मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**बडादशैँको शुभकामना**

तमाम पाठक, विज्ञापनदाता, शुभेच्छुक, कर्मचारी वर्ग र संसारभर रहेका नेपाली समुदायमा बडादशैँ २०८२ को हार्दिक मंगलमय शुभकामना । दशैँ बिदा परेकाले मधेशदृष्टि दैनिकको आगामी अंक २०८२ असोज १९ गते प्रकाशन हुने जानकारी गराउँदछौँ ।

**मधेश प्रदेश प्रकाशन समूह**

● वर्ष ३ ● अंक ३०३ ● २०८२ साल असोज १३ गते सोमबार ● Monday 29, September 2025 ● सूर्योदयः बिहान ५:५६ बजे ● सूर्यास्तः साँझ ५:५३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## आएन मुख्यमन्त्रीको राजीनामा दशैँपछि मात्रै नयाँ सरकार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सत्तामा रहेका दलहरुकै फेरि अर्को खिचडी सरकार बनाउने खेलोफड्को शुरु भएको छ । यद्यपि अहिलेका मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा दिएका छैनन् । जनमत पार्टीसहितको अर्को सरकार बनाउँदा नेपाली कांग्रेस अर्थमन्त्री छाडेर मुख्यमन्त्री लिन तयार भएको छ भने आफ्नो मुख्यमन्त्री हटाएर केही मन्त्रीहरु खान जनमत पार्टी पनि तयार भएपछि अब बन्ने सरकार अरु खिचडीमय हुनेमा शंका छैन । तर आजदेखि दशैँ बिदा भएकाले सरकार बनाउने काम अब दशैँ बिदापछि मात्रै हुने भएको छ ।
प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले लिखित रूपमा राजीनामा नदिँदा नयाँ नेतृत्वको सरकार निर्माण प्रक्रियामा बिलम्ब भएको हो । संवैधानिक व्यवस्थामा मुख्यमन्त्रीले लिखित रूपमा पदबाट राजीनामा बुझाएपछि मात्रै अर्को सरकार बनाउने काम हुनेछ तर मुख्यमन्त्री विश्वासको मत फेस गर्न तयार भएपछि जनमतले तर्साउँदा पनि मुख्यमन्त्रीले राजीनामा दिने मनस्थिति बनाएका छैनन् ।
मुख्यमन्त्री सिंहलाई फिर्ता बोलाएर नयाँ सरकार गठन गर्न जनमतसहित चार दलबीच सहमति भइसकेको छ । चार दलबीच नेतृत्व मात्रै फेरेर पुरानै समीकरणअनुसार सरकार निर्माण गर्ने सहमति बनेको हो । सहमति भएको २४ घन्टा बढी बितिसक्दा पनि संवैधानिक अड्चनका कारण नयाँ नेतृत्वमा सरकार गठन हुन नसकेको हो
सरकारमा सहभागी दलमध्ये कुनै दलले समर्थन फिर्ता लिए सरकारले पुनः विश्वासको मत लिने संवैधानिक अधिकार छ, ३० दिनभित्र सरकारले विश्वासको मत लिने संवैधानिक व्यवस्था छ । मुख्यमन्त्रीले पदबाट लिखित रूपमा राजीनामा दिए मात्रै ३० दिन अगावै सरकार निर्माणको बाटो खुला हुनेछ । नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र लोसपा अहिले मुख्यमन्त्री सिहंको राजीनामा कुरेर बसेका छन् । नेपाली कांग्रेस नेतृत्वमा पुरानो समीकरणअनुसार नै सरकार गठन हुनेगरी चार दलबीच सहमति बनेको छ । कुन दललाई कति मन्त्री दिने भन्ने सहमति हुन बाँकी छ । मुख्यमन्त्रीमा भने नेपाली कांग्रेसका कृष्णा यादव लगभग पक्का भएका छन् ।

## एमाले अध्यक्षसहित पाँचजनाको पासपोर्ट रोक्का



**मधेशदृष्टि**
**काठमाडौँ ।**
भदौ २३ र २४ गते भएको 'जेन्जी' प्रदर्शनका क्रममा भएका घटनासम्बन्धी जाँचबुझ आयोगले नेपाल कम्युनिष्ट पार्टी एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलगायत पाँच जनालाई विदेश भ्रमणमा रोक लगाएको छ ।
आयोगको बैठकले अनुसन्धानको दायरामा रहेको जनाउँदै पाँच जनालाई विदेश भ्रमणमा रोक लगाउने निर्णय गरेको हो ।
आयोगले आइतबार जारी गरेको विज्ञप्तिमा पूर्वगृहमन्त्री रमेश लेखक, पूर्वगृह सचिव गोकर्णमणि दुवाडी, पूर्वराष्ट्रिय अनुसन्धान विभाग प्रमुख हुतराज थापा र काठमाडौँका पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई पनि विदेश भ्रमणमा रोक लगाउने निर्णय भएको उल्लेख छ ।
आयोगले भनेको छ, 'भदौ २३ र २४ गतेका घटनाको छानबिन तथा जाँचबुझको सिलसिलामा अनुसन्धानको दायरामा रहेको हुँदा निजहरूको विदेश भ्रमण रोक लगाउन आवश्यक कारबाही गर्नहुन तथा छानबिनका लागि कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने हुँदा आयोगको स्वीकृतिबेगर काठमाडौँ उपत्यका छाड्न नपाउने व्यवस्था गर्न गराउनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने ।'
यसैगरी भदौ २३ र २४ गतेको घटनाको छानबिन गरी प्रतिवेदन पेस गर्न बनेको जाँचबुझ आयोगको काम प्रभावकारी रूपमा सम्पादन गर्न विज्ञसहितको जनशक्ति आवश्यक देखिएकाले त्यसको व्यवस्थापनका लागि गृह मन्त्रालयमा लेखी पठाउने निर्णय गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

## मधेशका डिआइजी एआइजीमा बढुवा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गृह मन्त्रालयअन्तर्गतको बढुवा समितिले नेपाल प्रहरीको जनपद समूहतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) पदमा चार जना प्रहरी नायव महानिरीक्षक (डिआइजी) लाई बढुवाका लागि सिफारिस गरेको छ । बढुवा समितिको सचिवालयले आइतबार सूचना प्रकाशित गर्दै रिक्त रहेका चार एआइजी पदमा बढुवाका लागि चार डिआइजीहरूको नाम सिफारिस गरिएको जानकारी दिएको हो । जसअनुसार सुशीलकुमार राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बर कुमार बिक रहेका छन् । बढुवामा परेका चतुर्वेदी मधेश प्रदेश प्रहरी प्रमुख (डिआइजी)का रुपमा कार्यरत छन् ।

## एमालेले बोलायो केन्द्रीय कमिटी बैठक

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा एमालेले केन्द्रीय कमिटी बैठक आह्वान गरेको छ । आइतबार भक्तपुरस्थित गुण्डुमा बसेको सचिवालय बैठकले असोज २६ देखि २९ गतेसम्म बस्ने गरी केन्द्रीय कमिटी बैठक बोलाउने निर्णय गरेको हो ।
पछिल्लो घटनाक्रमबारे छलफल गरेर आवश्यक निर्णय लिन बैठक बोलाइएको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।
'पछिल्लो घटनाक्रमबारे छलफल गरी आवश्यक निर्णय गर्न केन्द्रीय कमिटीको १० औँ बैठक असोज २६ देखि २९ गतेसम्म काठमाडौँमा बस्नेछ,' उनले आइतबारको सचिवालय बैठकपछि निर्णय सुनाउँदै भने ।
त्यसअघि केन्द्रीय सचिवालयको अर्को बैठक असोज १९ र २० मा बस्ने पनि उनले जानकारी दिए ।
यसैबीच, आइतबार नेपाल कम्युनिष्ट पार्टी एमालेको सचिवालय बैठक भएको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बैठकले वर्तमान सरकार राजनीतिक प्रतिशोधको बाटोमा अघि बढ्न नहुने निष्कर्ष निकालेको पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।
बैठकको निर्णयबारे सञ्चारकर्मीलाई जानकारी दिँदै उनले राजनीतिक दलसँग वर्तमान सरकारले कुनै समन्वय नगरी निषेध गर्न खोजेको ठहर गरेको बताए ।
यस्तै, पार्टी अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री ओलीलगायत पाँच जनामाथि काठमाडौँ उपत्यका छोड्न र विदेश जान नपाउने गरी सरकारले गरेको निर्णयप्रति बैठकले आपत्ति जनाएको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।

## मधेशी दलहरु फेरि मिल्ने तयारीमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'फुट'लाई 'खाजा'जस्तै ठान्ने र 'जुट' लाई विश्वकर्मा पूजा जति पनि नमान्ने तराई मधेशकेन्द्रित दलहरू फेरि एक पटक मिल्ने तयारीमा देखिएका छन् । जेन्जी पुस्ताको आन्दोलनपछि दलहरू निकट बनेका हुन् । संघीय लोकतान्त्रिक मोर्चामा आबद्ध रहेका दलहरूबीच एकताका लागि प्रस्ताव भएको छ । अहिले एकताका लागि जुटेका दलहरु पहिला एउटै दलमा पनि थिए ।
महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, वृषेशचन्द्र लाल नेतृत्वको तमलोपा, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी एकताका लागि तयार देखिएका हुन् ।
डा. सीके राउत नेतृत्वको जनमत पार्टी पनि मोर्चामा छ तर पछिल्लो समय उनी बैठकमा देखिएका छैनन् ।









# पचली भैरवको जात्रा समापन

**काठमाडौँ ।**
यस वर्षको पचली भैरव जात्रा विधिपूर्वक सम्पन्न गरिएको छ । जीवितदेवी कुमारीलाई असोज शुक्ल पञ्चमीको राति भैरवको दर्शन गराएपछि शुक्रबारदेखि शुरु भएको जात्रा समापन भएको हो ।
भैरवको दर्शन गराउँदा कुमारीलाई शक्ति प्राप्त हुने जनविश्वासअनुसार हनुमानढोकामा लगेर कुमारीलाई पचली भैरवको दर्शन गराइएको हो । कुमारीलाई भैरवको दर्शन गराउन काठमाडौँ महानगरपालिका–१२ स्थित पचली पीठबाट विशेष बाजागाजासहित भैरवलाई हनुमान ढोका ल्याइएको थियो ।
चित्रकारले घ्याम्पोमा भैरवको विम्ब बनाएर पचलीबाट शुरु गरिएको भैरवको खटलाई नगर परिक्रमा गराइँदा स्थानीय टोलमा स्वागत तथा दर्शनका लागि सर्वसाधारणको घुइँचो लागेको थियो । यात्रा टेकु, लगन, ज्याबहाल, मरु, हनुमानढोका, दलाछी, श्वेतभैरव, यङ्गाललगायत भित्री सहरको परिक्रमा गराइएको हो ।
विभिन्न किसिमका नकारात्मक तथा खराब शक्तिबाट नागरिकलाई संरक्षण गर्ने उद्देश्यले पचली भैरवलाई टेकुमा स्थापना गरिएको काठमाडौँ महानगरपालिका–१२ वडाध्यक्ष एवं जात्रा व्यवस्थापन समिति संयोजक बालकृष्ण महर्जनले जानकारी दिए । कला र संस्कृतिले सजिएको काठमाडौँमा नेवार समुदायले काठमाडौँ उपत्यकाको सुरक्षाका लागि भैरव जात्रा गरिँदै आइएको छ ।रासस

# तान्त्रिक नाच नवदुर्गा देवगणको ‘ख्वापा’ तयार

**भक्तपुर ।**
भक्तपुरको ऐतिहासिक र धार्मिक महत्व बोकेको तान्त्रिक नाच नवदुर्गा देवगणको ख्वापा (मुकुण्डो) तयार भएको छ । भक्तपुर याछेंका ८० वर्षीय पूर्ण चित्रकारले तीन महिनाको अथक प्रयासपछि नवदुर्गा देवगणको १३ ख्वापा तयार गरेका हुन । तयार भएका ख्वापा महानवमीको साँझ प्रदर्शन गरी देवगण बन्ने गाथा (वनमाला)को समूहले परम्परागत पूजासहित लिन आउने परम्परा रहेको छ ।
प्रत्येक वर्ष नयाँ बनाउनुपर्ने ख्वापा तयार नभए भक्तपुरको मोहनी नखाः र नवदुर्गा नाच प्रभावित हुन्छ । विजयादशमीको दिन नवदुर्गा देवगणले सिद्धिप्राप्त नगरे भक्तपुरको मोहनी नखाः अपूर्ण हुने र यसले भक्तपुर नगरका साथै उपत्यकाका विभिन्न स्थानको सांस्कृतिक जीवनसमेत प्रभावित हुने संस्कृतिविद्हरूको भनाइ छ । ख्वापा बनाउने कार्यको शुभारम्भ घण्टाकर्ण चतुर्दशीका दिन गरिन्छ ।

## यसरी बन्छ मुकुण्डो

नवदुर्गाको ख्वापा बनाउन ‘बोचा’ भनिने विशेष किसिमको माटो प्रयोग हुन्छ । सुकाएको माटोलाई धुलो पारेर कुटेपछि त्यसलाई मैदा र पानीको माडमा मुछिन्छ । मुछिएको माटोलाई डल्लाडल्ला बनाई राखिन्छ । सो डल्ला सुकेपछि कपास र नेपाली कागज राखी फुटाएर मकुण्डो बनाउन मिल्ने पूर्ण चित्रकारले बताए । ‘ख्वापा बनाइसकेपछि घाममा सुकाउनु हुँदैन हावाले मात्र सुकाउनुपर्छ । एउटा मुकुण्डो सुकाउन कम्तीमा दुई हप्ता लाग्छ’, उनले भने ।
ख्वापा बनाउन बोचासहित विभिन्न किसिमका ढुङ्गाबाट बनेको रङ, सुन, मैदा, मट्टितेल, कपास, नेपाली कागज, जुटको बोरा, कोरा कपडालगायत सामग्री आवश्यक पर्छ । हेर्दा सजिलो लाग्ने तर अत्यन्त कठिन कार्य भएकाले कामदार पाउन पनि मुस्किल रहेको चित्रकारले बताए ।

## तन्त्र प्रधान र गोप्य विधि

नवदुर्गा देवगणको नाच मात्र होइन, यसको ख्वापा निर्माणदेखि सिद्धिप्राप्तिसम्मको कार्यमा समेत तान्त्रिक विधिविधानअनुरुप पूजा गरिन्छ । मुकुण्डो बनाउने माटो लिन साइत हेर्ने भएकाले माटोलाई समेत बाजागाजासहितको वनमाला टोलीले पूजा गर्नुपर्ने परम्परा रहेको चित्रकारले जानकारी दिए ।
तन्त्र विद्या प्रधान नाच भएका कारण यसको ख्वापा निर्माण गरेको दृश्य जोकोहीले हेर्न नहुने परम्परा रहेको चित्रकारले बताए । ख्वापालाई अन्तिम रूप दिने क्रमका केही सीप अझै गोप्य रहेको र सो सीप आफूसँग मात्र रहेको उनले बताए । उनलाई काका विष्णुबहादुर चित्रकारले गोप्य तरिकाले ती सीप सिकाएका हुन । नवदुर्गाको ख्वापा बनाउने कार्यको गोपनियताका लागि केही वर्षअघिसम्म सञ्चारकर्मीलाई समेत तस्बिर खिच्न मनाही थियो । ‘अचेल केही खुकुलो बनाउँदै लगेको छु । खास सीप आफूसँग राखेर अरु धेरै कुरा खुला गरेको छु’, उनले भने । ‘धेरै गोप्य बनाउँदा ख्वापा बनाउने काम र यसको प्रयोग हुने जात्रा नै सङ्कटमा पर्नसक्ने भएकाले केही खुकुलो बनाएको हुँ ।’

## तीस लाखको अक्षयकोष

नवदुर्गा देवगणको १३ वटा ख्वापा बनाउन यस वर्ष करिब रु तीन लाख खर्च भएको चित्रकारले जानकारी दिए । ख्वापा तयार गर्न सबैभन्दा बढी कालिगढको ज्यालामा नै खर्च हुने गरेको र यसको रङरोगनमा पनि उत्तिकै खर्च हुने गरेको उनले बताए ।
खर्च व्यवस्थापनका लागि उनले २०३६ सालदेखि अनेक समस्या झेल्दै आएको बताए । उनका अनुसार २०३६ सालमा मुकुण्डो बनाउन गुठी संस्थानबाट वार्षिक छ सय चार रुपैयाँ सहयोग गरेको थियो । त्यो रकम बढेर २०४५ सालमा पाँच हजार, २०६८ सालदेखि १५ हजार रुपैयाँ दिन थालेको छ । केही वर्षदेखि संस्कृति मन्त्रालयले वार्षिक ५० हजार रुपैयाँ दिन थालेको छ । यो वर्ष दिएको छैन । नपुग अन्य रकम सहयोगी आफन्त साथीभाइसँग सहयोग लिने गरेको उनले बताए ।
ख्वापा निर्माणको खर्च जोहो गर्न अक्षयकोषसमेत स्थापना गरिएको छ । कोषमा ३० लाख रुपैयाँ नगद जम्मा भइसकेको छ । नवदुर्गा नाचप्रति सद्भाव राख्ने समूहले श्री नवदुर्गा भवानी मुकुण्डो निर्माण अक्षयकोष व्यवस्थापन समिति गठन गरी बनेपा, धुलिखेल, पनौती, जयवागेश्वरीलगायत क्षेत्रका बासिन्दा, विभिन्न नगरपालिका र स्थानीयको सहयोगमा ३० लाख रुपैयाँ जम्मा भएको उनले बताए ।
नवदुर्गा देवगण नाच तान्त्रिक विधिविधान मात्र नभएर मानवीय जीवनमा गरिने सबै संस्कारयुक्त भावप्रधानयुक्त नाच हो । जसमा बोलेरभन्दा पनि निश्चित भाव सङ्केतद्धारा संवाद प्रस्तुत गरिन्छ । नेवार समुदायमा झल्किने शक्तिशाली पारिवारिक अनुशरणको सङ्केत यो नाचमा प्रस्तुत गरिएको हुन्छ ।‘विषेशतः यो नाचले मल्लकालीन समयको संयुक्त परिवारलाई इङ्गित गरेको छ’, इतिहासविद एवं संस्कृतिविद् प्रा डा पुरुषोत्तमलोचन श्रेष्ठले भने, ‘समाजमा घरमुली (नंकी)को दायित्व र महत्वसँगै तीनको भूमिकालाई हरेक दृष्टिले उच्च स्थानमा राखेको हुन्छ । यसमा नंकीले १८ जना गण सदस्यलाई नवदुर्गा देवगृहमा भित्र्याउनेदेखि लिएर निष्काशित गर्नेसम्मको भूमिका निभाइन्छ ।’ नेवार समुदायमा र संस्कारमा नंकी प्रधान भन्ने सन्देश नवदुर्गा देवगण नाचले दिने गरेको प्रा डा श्रेष्ठको भनाइ छ ।
मुख्यतया नगदुर्गा देवगणमा बाजागाजासहित १९ जनाको समूह हुन्छ । जसमध्ये १३ जना विभिन्न देवीदेवताहरू हुन्छन् । नगदुर्गा देवगणमा काठको सानो मन्दिर हुन्छ जसलाई सिफोद्यः (महालक्ष्मीको प्रतीक) भनिन्छ । यो नाचमा देवगणले भैरव (कालभैरव), महाकाली, बाराही, ब्रम्हायणी, महेश्वरी, कुमारी, वैष्णवी, इन्द्रायणी, गणेश, महादेव, श्वेतभैरव एक, सिम्हदुम्ह (नन्दीभृङ्गी) दुई गरी १३ वटा मुकुण्डो प्रयोग गरी नाच प्रदर्शन गरिन्छ भने खिंबाजा, तःबाजा, कायँःबाजा, महापात्र र नंकी गरी १९ जनाको समूह हुन्छ । त्यसमा अन्य सहयोगीसमेत थप हुन्छ । रासस

# दशैँ आयो, उखुको पैसा आएन

**काठमाडौँ ।**
नेपालीहरुको महान् पर्व दशैँ (विजया दशमी) दैलोमै आएको छ । यतिबेला पेसा–व्यवसाय, रोजगारी र अध्ययनका लागि देशविदेशमा छरिएका आफ्नो थातथलो फर्किएका छन् ।
दशैँमा जागिर गर्नेले तलब बुझेका छन् । व्यापार व्यवसाय गर्नेले नाफा कमाएका छन्, बोनस पाएका छन् । घरपरिवारमा रमाइलो छ । दशैँका लागि बजार गर्नेको लर्को छ । तर, गोलबजार नगरपालिका–२ सिरहाका उखु किसान रामस्वरुप महतोलाई भने दशैँ आएको अनुभूति नै भएको छैन । किन भने दशैँ मान्ने पैसा छैन ।
उखुखेतीलाई मुख्य आम्दानीको स्रोत बनाउँदै आउनुभएका महतोले गत वर्षकै भुक्तानी पाएका छैन । गत वर्षको भुक्तानी माग्न जाँदा हिमालय सुगर मिलले आजआज भोलीभोली भन्दै टार्दै आएको छ । मिलले रु एक–डेढ लाख पैसा अहिलेसम्म पनि दिएको छैन् ।
उनले भने, ‘दशैँ आएको छ, अहिले त दशैँ मान्ने पैसा पनि छैन, छोराछोरीलाई नयाँ कपडा किनिदिने उपाय पनि छैन ।’ विगत लामो समयदेखि उखुखेतीबाट आफ्नो जिविकोपार्जन गर्दै आएका महतोलाई उखुको भुक्तानी नपाउँदा परिवार पाल्न पनि हम्मेहम्मे परेको छ । उखु किसानले सरकारले अनुदानबापतको रकम दशैँ अगाडि नै पाउनु पर्ने माग गरे पनि पूरा हुन सकेन ।
मोरङदेखि कञ्चनपुरसम्म १३ जिल्लाका करिब ६०० उखु किसानले भदौमा एक हप्तासम्म (भदौ ८ देखि १५ गतेसम्म) माइतीघरमा आन्दोलन गरेर फर्किएका थिए । सोही क्रममा सरकारले पनि किसान आन्दोलनका क्रममा दशैँ अगाडि नै अनुदान रकम प्रदान गरिने प्रतिबद्धता व्यक्त गरेको थियो । तर, उखु किसानको आन्दोलन लगत्तै शुरु भएको जेनसी आन्दोलनपछि सरकार परिवर्तन भयो ।
राज्यले किसानलाई प्रोत्साहन गर्ने ठाउँमा पाउनुपर्ने अनुदान पनि कटौती गरेको उनको भनाइ छ । उनका अनुसार सरकारले समयमा मलखाद, बीउ र सिँचाइ पनि दिन सकेको छैन । सर्लाही हरिवन नगरपालिका वडा नं ११ का शेख स्तिहादले १२ बिघा जमिनमा उखुखेती गर्दै आउनुभएको छ, तर उनले उखु मिलबाट पाउनुपर्ने गत वर्षकै भक्तानी पाउनुभएको छैन ।
उनले भने, ‘हामीले उखु मिललाई उखु मात्रै सस्तो मुख्यमा दिन्छौँ, तर उसले उखुबाटै धेरै प्रकार बनाउँछ, धेरै प्रकारको मूल्य मिलले हामीलाई दिँदैन, यसरी पनि किसान मर्कामा परेका छन् ।’
सर्लाहीस्थित भङ्गाहा–४ का उखु किसान रामकुमार महतोको पनि उस्तै समस्या छ । एकातिर पर्याप्त मल र सिँचाइ नपाउनु, अर्कोतिर उखुको उचित मूल्य पनि नपाउने, भुक्तानी पनि नपाउने र त्यति मात्रै होइन उखुखेतीलाई मुख्य पेशा बनाउने आम उखु किसानको दशैँ, तिहार र छठलगायतका पर्व खल्लो भएको छ । आर्थिक वर्ष २०८१–८२ मा सरकारले तोकेको प्रतिक्विन्टल ७० रुपैयाँ का दरले अनुदान भुक्तानी पाउनुपर्ने उखु किसानको मुख्य माग छ ।
उखु उत्पादन महासङ्घ नेपालका अध्यक्ष श्यामबाबु रायले अब दशैँपछि पनि आफ्ना माग पूरा नभएको खण्डमा सङ्घर्षका कार्यक्रम थाल्ने जानकारी दिए । गत वर्ष सरकारले उखुको मूल्य प्रतिक्विन्टल ६ सय ५५ रुपैयाँ तोकेको थियो । उक्त रकममध्ये उद्योगले ५ सय ८५ रुपैयाँ र सरकारले ७० रुपैयाँ अनुदान किसानलाई दिनुपर्नेछ । तर, सरकारले ७० रुपैयाँ अनुदान दिएको छैन । सरकारले ७० रुपैयाँ अनुदानलाई कटौती गरेर प्रतिक्विन्टल ३५ रुपैयाँ का दरले किसानलाई अनुदान उपलब्ध गराउने भएपछि उखु किसान आन्दोलनमा होमिएका थिए ।
उखु उत्पादन महासङ्घ नेपालले सरकारले ७० रुपैयाँ का दरले हुन आउने एक अर्ब ६० करोड रुपैयाँ बराबरको अनुदान निकासा गर्नुपर्ने माग गर्दै आएको छ । तर, सरकारले भने ७५ करोड ४९ लाख ३८ हजार २ सय ४० रुपैयाँ निकासा गरेको छ । उखु किसानले उखु किसानको अनुदान कटौती गर्न नहुने र किसानसँग भएका सम्झौता लागू गर्नुपर्ने पनि माग गरेका छन् ।
गत मङ्सिरमा पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारले अघिल्ला वर्षभन्दा प्रतिकिलो २० रुपैयाँ बढाएर उखुको समर्थन मूल्य प्रतिक्विन्टल ५ सय ८५ रुपैयाँ निर्धारण गरेको थियो । जुन मूल्य उखु मिलले किसानलाई उपलब्ध गराउने मूल्य हो । तर, केपी शर्मा ओली नेतृत्वको सरकारले असार २३ रुपैयाँ मा उखु किसानलाई दिइँदै आएको प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान आधा घटाएर ३५ रुपैयाँ बनाएको हो ।
अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) का महासचिव नरेन्द्र खड्काले नेपाल उखु किसान हरेक सिजनमा उद्योगी र सरकारी निकायबाट अन्यायमा पर्दै आएको जनाउँदै वर्तमान सरकारले उनीहरुको समस्या समाधानका निम्ति पहल गर्नुपर्नेमा जोड दिए । विसं २०७६ देखि उखु किसानले विभिन्न माग राख्दै पटकपटक आन्दोलनका कार्यक्रम गर्दै आएका छन् ।
विसं २०७७ मा पनि उनीहरुले माइतीघरमा १६ दिनसम्म निरन्तर आन्दोलन गरेका थिए । चिनी मिलले किसानको २९ करोड रुपैयाँ भुक्तानी गर्नुपर्ने माग गर्दै २०७८ साउनमा पनि आन्दोलन भएको थियो । मुलुकभर ८९ हजार ९ सय १८ हेक्टरमा उखुखेती हुन्छ । सर्लाही, मोरङ, सिरहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी, कैलाली, कञ्चनपुरलगायत जिल्लामा लाखौँ किसान उखुखेतीमा जोडिएका छन् । सरकारी नीतिका कारण पछिल्लो पाँच वर्षमा उखुखेती घट्दै गएको छ ।
आर्थिक सर्वेक्षण २०८१–८२ अनुसार २०७७–७८ मा ६४ हजार ३ सय ५४ हेक्टरमा उखुखेती गरिएको थियो । त्यसबाट ३१ लाख ८३ हजार ९ सय ४३ टन उखु उत्पादन भएको थियो । आव २०८१–८२ मा ५७ हजार ३ सय ५५ हेक्टरमा मात्रै उखुखेती भयो । त्यसबाट २८ लाख ८३ हजार ६ सय ३ टन उखु उत्पादन भयो ।
पछिल्ला पाँच वर्षमा उखु उत्पादनमा छ हजार ९ सय ९९ हेक्टरले कमी आएको छ । नेपालमा वार्षिक दुई लाख ८५ हजार मेट्रिकटन चिनीको माग छ । तर, मागअनुसार उत्पादन हुन सकेको छैन ।
नवलपरासीका उखु किसान सागर विष्टले सरकारले उखु किसानसँग पटकपटक गरेका सम्झौता कार्यान्वयन गर्नुपर्ने माग गरे । यसरी नै सरकारले उखु किसानका समस्याप्रति बेवास्ता गर्ने हो भने किसान विस्थापित हुनुपर्ने आवस्था आउने उनको भनाइ छ । रासस

# दुई अर्ब ४० करोडको खसीको कारोबार

**सुनसरी ।**
चाडपर्व शुरु भएसँगै धरान उपमहानगरपालिका–१३ स्थित कृषि उपज बजारमा खसीबोकाको किनबेच बढेको छ । प्रत्येक साताको बिहीबार र शुक्रबार सञ्चालन हुने यस बजारमा देशका विभिन्न पहाडी र तराई क्षेत्रबाट किसान र व्यापारीले खसीबोका बिक्रीका लागि ल्याउने गर्दछन् ।
सङ्खुवासभाका श्यामबहादुर बस्नेत विगत १८ वर्षदेखि पशुपालन व्यवसायमा सक्रिय हुन । उनले भने, ‘चाडपर्व शुरु हुँदा प्रत्येक वर्ष धरानको कृषि बजारमा आउने गरेको छु । यो पटक १५ वटा खसीबोका ल्याएको छु, अहिलेसम्म एउटा मात्रै बिक्री भएको छ, बाँकी बेच्नुपर्ने छ ।’



धनकुटाको सागुरीगढी गाउँपालिका–७ की ममता राईले पनि धरानको बजारमा नियमित रूपमा खसीबोका बिक्री गर्दै आएका छन । ‘पशुपालन हाम्रो पुख्र्यौली पेसा हो, गाउँमा घाँस पाइन्छ, अन्न र दाना किन्नुपरे पनि व्यापारमा नोक्सानी हुँदैन’, उनले भने । उनका अनुसार वार्षिक रूपमा खसीबोका बिक्री गरेर रु नौ लाखभन्दा बढी आम्दानी हुने गरेको छ ।
सुनसरीको दुहबी नगरपालिका–५ का व्यापारी नैसात मियाँ हरेक हप्ता बिहीबार र शुक्रबार धरानबाट खसीबोका खरिद गर्दै आएका छन । उनले एक दिनमा १०० देखि एक सय ५० वटासम्म खसीबोका किनेर झुम्का, इटहरी, विराटनगर, लहान, जनकपुरलगायत स्थानमा बिक्रीका लागि पठाउन गरेको जानकारी दिए । ‘यो व्यवसाय गरेको ३१ वर्ष भयो, अहिले मासिक ८० हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म नाफा हुन्छ,’ उनले भने,
धरान कृषि उपज बजार व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण भट्टराईका अनुसार हरेक हप्ता दुई दिन सञ्चालन हुने यस बजारमा दैनिक करिब चार हजार ५ सय वटा खसीबोका बिक्री हुने गरेको छ । गत आर्थिक वर्ष २०८१–८२ मा मात्रै एक लाख २० हजारभन्दा बढी खसीबोका बिक्री हुँदा करिब दुई अर्ब ४० करोड रुपैयाँ बराबरको कारोबार भएको उनले जानकारी दिए ।
प्रत्येक वर्षको भदौदेखि अत्यधिक खसीबोका कारोबार हुने जनाउँदै अध्यक्ष भट्टराईले यो वर्षको भदौमा भने कारोबार कम भएको बताए । ‘साउनमा लगातार वर्षा हुँदा ढुवानीमा समस्या भयो । भदौमा जेनजी प्रदर्शनका कारण व्यापारमा डर सिर्जना भयो र यातायात अवरुद्ध हुँदा गत वर्षको तुलनामा यस वर्ष खसीबोका किनबेचमा कमी आएको हो’, उनले भने ।
धरानको कृषि बजारमा धनकुटा, संखुवासभा, पाँचथर, भोजपुर, तेह्रथुमलगायत पहाडी जिल्ला तथा इटहरी, कानेपोखरी, इनरुवा, झुम्का, बेलबारीलगायत तराई क्षेत्रबाट व्यापारी तथा किसान खसीबोका बिक्रीका लागि आउने गरेका छन् । यहाँबाट बिक्री भएका खसीबोका मुलुकका प्रमुख सहर हुँदै भारतसम्म पनि निर्यात हुने गरेको धरान कृषि उपज बजार व्यवस्थापन समितिका अध्यक्ष भट्टराईले जानकारी दिए ।रासस



**दुर्गा पूजाका लागि निर्माण गरिएको सप्तरङ्गी मन्दिरः** बडादशैँमा दुर्गा पूजा गर्न महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका वडा नम्बर १ मा निर्माण गरिएको सप्तरङ्गी मन्दिर । तस्बिरः रासस

# मधेशमा 'बेलनौत' गरियो

**महोत्तरी ।**
मधेशमा आइतबार दशहारा पर्वको 'बेलनौत' गरिएको छ । शारदीय नवरात्र र दशहारा भनिने दशैँ पर्वको षष्ठी तिथिमा 'बेलनौत' गरिने मैथिल परम्परा छ । असोज शुक्ल प्रतिपदादेखि नवमीसम्मका नौ दिनको नवरात्र भए पनि यसपालि चौथी (चतुर्थी) तिथि दुई दिन पर्दा १० दिनको नवरात्र भएको छ । यसअनुसार छैटौँ दिन षष्ठी तिथिमा सम्पन्न गरिने 'बेलनौत' यसपालि सातौँ दिनमा परेको हो ।

नवरात्रको षष्ठी तिथिका दिन 'बेलनौत' विधिको मिथिला परम्परा छ । पर्वका अवसरमा माटो मुछेर बनाइएका देवी दुर्गाका प्रतिमाका आँखा उघार्ने प्रयोजनका लागि 'बेलनौत' विधि आयोजना गरिन्छ । यसैगरी देवी शक्तिपीठ र मन्दिरमा पनि 'बेलनौत' विधिको बेल पूजास्थलमा राखिने मैथिल चलन छ ।

यहाँ दशहारा (बडादशैँ) पर्वमा माटो मुछेर बनाइएका देवी प्रतिमाका आँखा सप्तमीका दिन खोल्न (उघार्न) बेल (फल)को भेट्नो प्रयोग गरिने परम्परा छ । यसका लागि एक दिनअघि षष्ठी तिथिका दिन मध्याह्नपछि देवी प्रतिमास्थलबाट बाजागाजासाथ बस्ती नजिकको बेलको रुखमा चढेर एउटा बेल फललाई रातो रुमालले बाँध्ने विधिलाई मिथिलामा 'बेलनौत' भन्ने गरिन्छ । 'नौत' भनेको निमन्त्रणा गरिनु हो । यसअनुसार आज षष्ठीका दिन यही विधि उल्लासमय वातावरणमा सम्पन्न गर्ने परम्परा रही आएको छ ।

षष्ठीका दिन वैदिक मन्त्रोच्चारणसहित निम्ता गरेर बाँधिएको बेलको फल भेट्नुसहित सप्तमीका दिन बिहानै टिपेर सोही फलको भेट्नुले प्रतिमाको आँखा कोट्याएर उघार्ने गरिन्छ । देवी प्रतिमाको आँखा उघार्न शास्त्रले पवित्र मानेको बेल फलको भेट्नो प्रयोग गर्ने परम्पराअनुसार सो प्रयोजनका लागि बेलको फललाई निम्ता गर्ने भाव यो विधिमा रहेको मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता बताउँछन् । मिथिलामा आँखा उघारिएपछि माटो मुछेर बनाई स्थापित गरिएका देवी प्रतिमा पूर्ण सजीव भएको मानिने बर्दिबास–२ का महेशकुमार झा बताउँछन् ।

सप्तमीका दिन एक दिनअघि निम्ता गरिएको बेलको फल भेट्नोसहित टिपेर ल्याई पुरोहित ब्राह्मणले भेट्नोले खोस्रेर प्रतिमाको आँखा उघारिदिएपछि मात्र देवी प्रतिमा सर्वसाधारणको दर्शनका लागि खुला गरिन्छ । सप्तमीका दिन बिहान एक दिनअघि निम्ता गरिएको बेल टिप्न पनि बाजागाजासाथ पुग्ने चलन छ । बेल टिप्ने यो विधिलाई 'बेलतोडी' भनिन्छ ।

दशहरा पर्वका अवसरमा मिथिला क्षेत्रका अधिकांश बस्तीमा देवी प्रतिमा बनाइएका छन् ।

'बेलनौत' विधि सम्पन्न गरिने तयारीमा मैथिल (मिथिलाका बासिन्दा) जुटेसँगै पर्वको चहलपहल निकै बढेको छ ।

पर्व विशेषमा माटो मुछेर बनाइएका प्रतिमाबाहेक अघिदेखि नै काठ वा धातुका देवी प्रतिमा स्थापित भएका मन्दिरमा आँखा उघार्ने विधि नभए पनि निम्ता गरिएको बेल फल टिपेर ल्याई देवी प्रतिमा नजिक राख्ने चलन छ ।

पर्व विशेषमा बनाइएका देवी प्रतिमा विजयादशमीका दिन धार्मिक महत्वका नदी वा गहिरो तलाउमा विसर्जन गरिने परम्परा छ । यसलाई मिथिलामा मूर्ति भसाउने भनिन्छ ।

# यादियाको स्कुटर सप्तरीमा

**मधेशदृष्टि**
**राजविराज ।**
चीनको प्रख्यात याडिया कम्पनीको इलेक्ट्रिक स्कुटर खान इन्टरनेशनलले सप्तरीमा बिक्री शुरु गरेको छ । सप्तरीका लागि याडिया कम्पनीको स्कुटरको आधिकारिक बिक्रेता खान इन्टरनेशनलले सदरमुकाम राजविराजको मुख्य बजार क्षेत्र गजेन्द्र चोकमा आइतबारदेखि बिक्री शुरु गरेको हो । स्कुटर चीनको मात्र नभई विश्वकै एक नम्बर ब्रान्ड भएको बिक्रेता खान इन्टरनेशनलका प्रोप्राइटर अनश खानले दाबी गरे । स्कुटर प्रदुषण र आवाजरहित तथा वातावरण मैत्री भएको उनको भनाइ छ । ९४ हजारदेखि २ लाख ४५ हजार रुपैयाँसम्म मूल्य पर्ने तथा विभिन्न मोडेलका स्कुटर स्मार्ट सुविधा, क्लासिक




डिजाईनमा तयार गरिएको प्रोपराइटर खानको भनाइ छ । एकपल्ट चार्ज गरे १ सयदेखि १ सय ५० किलोमिटरसम्म सहजै यात्रा गर्न सकिने उनले जानकारी दिए । शो रुमको आइतबार नै सञ्चालक परिवारका उमर कलिम खानले धार्मिक विधि गरि उद्घाटन गरेका छन् । ६० देशमा कम्पनीको स्कुटर बिक्री भइरहेको बताइएको छ ।

# १ सय ५६ औषधी पसल बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
औषधी व्यवस्था विभाग वीरगंज शाखाले गत आर्थिक वर्षमा १ सय ५६ औषधी पसल बन्द गरेको छ । दर्ता प्रक्रियामा नआएका र अन्य कैफियत देखिएका पसल बन्द गरिएको हो । गत आवमै कार्यालयले एक सय २२ औषधी पसललाई निलम्बनसमेत गरेको छ । कार्यालय प्रमुख शम्भु साहका अनुसार अनुगनम टोलीले मधेश र बागमती प्रदेशअन्तर्गतका जिल्लामा कारबाही गरेको हो । अनुगमनक्रममा फार्मेसी निलम्बन गरिएका १ सय २२ मध्ये २ थोक बिक्रेता, आठ विभिन्न अस्पतालले सञ्चालन गरेका र १ सय १२ समुदायले चलाएका औषधी पसल रहेका थिए । अनुगमनपछि ७ अस्पतालका र ५ सामुदायिक गरी १२ औषधी पसल दर्ता हुन आएका छन् । गत आवभरि अनुगमन क्रममा ९२ वटा औषधी पसल दर्ता नभएको पाइएको थियो । १ सय ८३ मा व्यवसायी–फर्मासिस्ट अनुपस्थित रहेको तथा १ थोक, ७ अस्पतालका र १ सय २ गरी १ सय १० पसलबाट दर्ता नभएका औषधि बरामद भएका थिए । कानूनविपरीत सञ्चालित ३५ औषधि पसलका बारेमा उजुरी परेपछि तीमध्ये १७ उजुरी फछ्र्यौट गरिएको साहले बताए । मधेशका सप्तरी र सिरहाबाहेक ६ जिल्ला तथा बागमतीका चितवन, मकवानपुर र सिन्धुली गरी ९ जिल्ला यस कार्यालयको कार्यक्षेत्र हो ।

# जुहीः एकल महिलाका सहारा

**मनोज माझी**
**राजविराज ।**
सामान्यतया अधिकांश महिला घरको चुलोचौकामै व्यस्त हुने गरेका छन् । समस्या र हिंसामा परेकालाई सहयोग र न्यायका लागि काम गर्नसक्ने महिला प्रायः कमै संख्यामा भेटिन्छन् । तर, त्यस्तो समस्यामा परेका महिलाको न्याय र सशक्तिकरणका लागि काम गर्ने र आवाज उठाउने महिलामध्ये एक हुन् सप्तरी, राजविराज नगरपालिका–८ कि ३२ वर्षीया जुही ठाकुर ।



जिल्लाका १८ पालिकामा रहेका झण्डै २१ हजार एकल महिलामा परिचित छन् उनी । विगत ४ वर्षदेखि एकल महिला तथा पुनःस्थापना केन्द्र संस्था खोलेर उनी साक्षरता, जागरुकता र सीपसँगै सामग्री वितरण अभियान चलाएर एकल महिलालाई आत्मनिर्भर बनाउने प्रयासमा क्रियाशील छन् ।

यसका लागि उनले आफ्नो व्यक्तिगत लगानीका साथै सरकारी कार्यालय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट समेत सहयोग जुटाएर एकल महिलालाई सहयोग तथा अभियानलाई तिव्रता र निरन्तरता दिएकी छिन् ।

व्यापार प्रशासनमा स्नातक गरेकी ठाकुरले एकल महिलाको जीवनस्तरमा सुधार ल्याउन चलाएको अभियानअन्तर्गत हनुमाननगर कंकालिनी नगरपालिका, कञ्चनरुप नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, विष्णुपुर गाउँपालिका र तिरहुत गाउँपालिकामा एकल महिला समूह नै गठन गरी गतिविधि सञ्चालन गरेकी छिन् । अन्य पालिकामा समेत समूह गठन प्रकृया अन्तिम चरणमा पुर्याइएको उनी बताउँछिन् । यसरी महिलाको सशक्तिकरणको प्रयास गरिरहँदा कुनै पालिकाको जनप्रतिनिधिले साथ नदिँदा त कतै आफ्नो चरित्रमाथि नै कसै कसैले अनर्गल प्रचारबाजी गरेर मनोबल तोडने प्रयाससमेत हुने गरेको भन्दै उनले यसका बाबजुद आफू आफ्नो मिसनमा दृढतापूर्वक अघि बढेको बताइन् ।

उनको दृढता, उत्साह, यात्रा र एकल महिलालाई संगठित गरी सशक्तिकरण गर्ने प्रयासको उच्च कदर गर्दै सशस्त्र प्रहरी परिवार महिला संघले हालै काठमाडौँमा 'समाज सेवा पुरस्कार २०८२' बाट सम्मान गरेको छ । कमाइ गर्ने श्रीमान बितेपछि तथा अन्य विभिन्न कारणले एक्लिएर कष्टकर जीवन बिताइरहेकी एकल महिलाको जीवन सहज बनाउन यस्तो अभियान चलाइएको उनको कथन छ ।

अभियानअन्तर्गत एकल महिलालाई जागरुक र साक्षर बनाउनुका साथै सामग्रीसहित विभिन्न रोजगारी सिर्जनाका लागि सीपमूलक तालिम प्रदान गर्ने गरिएको छ । एकल निरक्षर महिलालाई साक्षर बनाउन उनले आफू र संस्थाकी सहकर्मीमार्फत निःशुल्क पढाउने पनि गर्छिन् । एनसिइ, एनसिआइपी, पिआइएन, सिएओ, एनजिओ फेडरेसनलगायत दर्जनौँ सामाजिक संस्थामा पनि आवद्ध भई उनी बालविवाह न्युनिकरण, दाईजोप्रथा उन्नमुलन, क्षेत्रमा समेत सकृय छिन् ।

अरुको घाउमा मल्हम लगाउने यात्रामा निस्केकी उनको आफ्नै पीडा भने कम छैन । शुरुमा उनको नर्स बन्ने नभए समाजसेवामा सकृय हुने सपना थियो । तर घरपरिवार र श्रीमानसमेतको साथ नपाउँदा त्यो सपना अधूरै रहयो । 'एकातिर मागे जति दाइजो न ल्याएको भन्दै शारिरिक र मानसिक यातना दिन थालियो, अर्कोतिर प्रतिवाद गर्न खोज्दा घर निकालामै परे,' उनले भनिन्, 'विगत डेढदशकदेखि घर परिवारबाट छुट्टै बस्न बाध्य भएकी छु ।'

आफूले जस्तै अरु महिलाले पनि यस्तो पीडा भोग्नु नपरोस् भन्ने उद्देश्यका साथ अघि बढेको उनको भनाइ छ । एक्लै भए पनि संस्थामार्फत सामाजिक गतिविधि अघि बढाउँदा यात्रामा सहयोगी हात बढ्दै जाँदा उत्साह पनि बढ्दै गएको उनले सुनाइन् । विद्यार्थी जीवन, विवाहित जीवन र त्यसपछिको प्रतिकूल पारिवारिक माहौलमा पनि आफूलाई समाजसेवामा लाग्नबाट कसैले रोक्न र छेक्न नसकेको उनको कथन छ ।

नर्स बन्ने एउटा सपना अधूरै रहे पनि सामाजिक अभियान्ता बन्ने अर्को सपना भने पूरा भएकामा गर्व महसुस हुनुका साथै निकै आत्मसन्तुष्टि मिल्ने गरेको उनी सुनाउँछिन् । पूर्वमन्त्री नवलकिशोर साह, जसपा नेता सुमित साह, हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्वनगरप्रमुख शैलेश साह तथा स्थानीय समाजसेवीले यस क्षेत्रमा लाग्न प्रेरित र प्रोत्साहन गरेको उनको भनाइ छ ।

उनी भन्छिन्, 'अरु धेरै गर्ने इच्छा छ, उमेर र शरीरले भ्याएसम्म बाँकी जीवन यस्तै सामाजिक कार्यमा उपयोग गर्नेछु ।'

श्रीमान्को मृत्युपछि बेरोजगार भएका हामी जस्ता महिलालाई आर्थिक कठिनाइले सताएका बेला एकल महिला तथा पुनस्थापना केन्द्रले चलाएको अभियानले हौसला र बाँच्ने आधार सिर्जना गरिदिएको एकल महिला समूहमा आवद्ध भएकी महिलाले बताएकी छिन् ।

# बाह्र केजी गाँजासहित दुई महिला पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
उदयपुरको उदयपुरगढी गाउँपालिका–७ स्थित कमानबाट अवैध १२ केजी गाँजासहित दुई महिला पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ पर्नेमा सिरहा लहान नगरपालिका–१७ की ४० वर्षीया अस्मिता राम र अर्की ४५ वर्षीय लीलादेवी राम छन् ।

प्रहरी चौकी नेपालटारका गस्ती टोलीले शनिबार नेपालटारस्थित कमान क्षेत्रमा गस्तीका क्रममा दुई महिला र उनीहरूका साथबाट गाँजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी केदारमान दोङले बताए ।

उदयपुरगढीको पहाडी क्षेत्रबाट गाँजा खरिद गरेर सिरहा लहान हुँदै भारततर्फ पैठारी गर्ने लक्षका साथ उनीहरूले गाँजा खरिद गरेर फर्कने क्रममा कमानमा प्रहरी गस्ती टोलीले पक्राउ गरेको उनले बताए । पक्राउ गरिएका दुई महिलालाई शनिबार राति नै जिल्ला प्रहरी कार्यालय उदयपुरमा राखेर अनुसन्धान शुरु गरिएको छ ।

# एक गाडी कपडा र पटाका बरामद

**मधेशदृष्टि**
**बारा ।**
सशस्त्र प्रहरीले एक गाडी कपडा र पटाका बरामद गरको छ । आदर्शकोतवाल गाउँपालिका वडा नम्बर १ बोहा जमुनियास्थित सडकबाट सशस्त्र प्रहरीले १६ लाख रुपैयाँ मूल्यको कपडा र पटाकासहित एउटा गाडी बरामद गरेको हो । सशस्त्र प्रहरी बेस क्याम्प तेलकुवाबाट सशस्त्र प्रहरी नायब निरीक्षक संजयकुमार यादव नेतृत्वको सशस्त्र प्रहरीको टोलीले कोतवालीबाट लङ्गडा चोकतर्फ आउँदै गरेको बागमती प्रदेश ०१– ०२५ च ६१७६ नम्बरको पिकअप गाडीसहित त्यसमा लोड रहेको बिल बिजक नभएको १५ लाख ८५ हजार ५ सय रुपैयाँ बराबरको लेडिज रेडिमेड कपडा र ५० हजार मूल्य बराबरको ६० बन्डल नागिन पटका बरामद गरेको हो ।

बरामद गाडीको पनि अन्दाजी मूल्य २० लाख रुपैयाँ मूल्यांकन गरिएको सशस्त्र प्रहरी उपरीक्षक खुमबहादुर केसीले जानकारी दिए । बरामद कपडा र गाडी आवश्यक कारबाहीका लागि भन्सार कार्यालयमा बुझाइने र पटाका खाल्डोमा पुरेर नष्ट गरिएको सशस्त्र प्रहरी उपरीक्षक केसीले जानकारी दिए ।

# पाइएन सामाजिक सुरक्षा भत्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दूहरूको महान् पर्व बडादशैँमा पनि रौतहटका हजारौँ सरकारी कर्मचारी र सामाजिक सुरक्षा भत्ता पाउने वृद्ध, अपाङ्ग, एकल महिला लगायतका लाभग्राहीले तलब र भत्ता पाएका छैनन् । जिल्लाका १६ नगरपालिका र २ गाउँपालिका (कुल १८ पालिका) मध्ये फतुवा विजयपुर, बौधिमाई, गुजरा र देवाही–गोनाही नगरपालिकाले अझै बैंक खाता सञ्चालन गर्न नसकेका कारण शिक्षक, कर्मचारी र सामाजिक सुरक्षा लाभग्राहीले रकम पाउन सकेका छैनन् । बाँकी १४ पालिकाले भने समयमै खाता सञ्चालन गरी वितरण प्रक्रिया शुरु गरिसकेका छन् । कोष तथा लेखा नियन्त्रण कार्यालय रौतहटका प्रमुख देवीप्रसाद गौतमका अनुसार असार १० भित्र नगरसभा सम्पन्न गर्नुपर्ने भए पनि देवाही–गोनाही र बौधिमाई नगरपालिकामा अझै नगरसभा सम्पन्न हुन सकेको छैन ।

# बेवारिस गर्भवतीको उद्धार

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १४, बहुअरीमा बेवारिसे अवस्थामा भेटिएकी गर्भवतीलाई उद्धार गरी मानव सेवा आश्रममा राखिएको छ ।

शनिबार राति करिब ९ बजे सामाजिक अभियन्ता प्रकाश थारुको पहलमा वडा प्रहरी कार्यालय श्रीपुरको टोलीले उनलाई उद्धार गरेको हो । महिलाको उमेर करिब ३० वर्ष अनुमान गरिएको छ । स्थानीय बासिन्दाले सडकमा अलपत्र अवस्थामा गर्भवती महिला देखेपछि खबर गरेसँगै थारुको समन्वयमा प्रहरी सहायक निरीक्षक भुलेन्द्र गिरिसहितको टोली पुगेको थियो । उद्धारपछि उनलाई वीरगंजस्थित मानव सेवा आश्रममा लगिएको हो । आश्रमले आवश्यक परेमा ती महिलाको पहिचान खुलाउने प्रयास पनि गरिने जनाएको छ ।

सम्पादकीय

# बडादशैँको शुभकामना

*अनेक विपत्तिले बज्रप्रहार गरिरहँदा माथि उठ्न नसकेको हाम्रो समाज धमाधम चाडपर्वको माहौलमा प्रवेश गरेको छ। साउने संक्रान्ति, जनैपूर्णिमा, तीजपछि घरआँगनमा बडादशैँ आइपुगेको छ।*

*असत्यमाथि सत्यको जित भन्दै यो पर्व मनाउने गरिन्छ। नेपालको ठूलो र पहिलो चाडको मान्यता पाएको दशैँमा खासगरी आफन्तजन जम्मा हुने, वर्षभरिका योजना बनाउने, मान्यजनबाट आशीर्वाद लिने गरिन्छ। यसको धार्मिक सभ्यता भने जमरा र रातो टीका हो। निधारभरि टीका लगाउने दशैँ संस्कार हो। विजयादशमीका दिन टीका लगाउन नभ्याउनेहरुले कोजाग्रत पूर्णिमासम्म मान्यजनबाट टीका लगाउने चलन छ।*

*परिकारमा हाँस, कुखुरा, बोका, खसी, राँगा, च्यांग्राको मासु, चिउरा, केरा, दही दशैँमा सबैको घरमा पाक्दछ। नयाँ कपडा लगाउने मात्र होइन, मान्यजनले टीका लगाएर दिने दक्षिणा पनि नयाँ नोट दिने प्रचलन छ। यसैले दशैँमा सरकारले नयाँ नोट पनि सटही सुविधा दिने गर्छ। बडादशैँको चलिआएको विधिविधान यही हो। सबले घरमा महाअष्टमी र महानवमीका दिन काटमार गर्छन्। आँगनमा खसी, बोका काटेर पञ्जाछाप लगाउने चलन छ। यो काटमार रोक्नु पर्यो भनेर कुर्लने अर्को समुदाय पनि तयार भइरहेको छ। अरुको धर्मलाई सुझाव दिने स्वतन्त्र हिन्दूमा अलि बढी खुला पनि छ।*

*बाहिर रहेका परिवारका सदस्यहरु पनि घर आउँछन्।*

*मजदुरीका लागि भारतमा पुगेकाहरु पनि आउँछन्। यसैले दशैँ पारिवारिक मिलनको उत्सव हो। वर्षभरिलाई योजना निर्माण, बितेका समयको समीक्षा गर्ने अवसर पनि हो। सबैले आफ्नो गच्छेअनुसार पर्व अनुशरण गरौँ। ऋण गरेर पर्व मान्ने र वर्षभरि ऋणको ब्याजको मारमा नपरौँ। असत्यलाई पछार्न सकै एक हौऔँ। बढादशैँको सबै पाठकगणमा हार्दिक शुभकामना।*

# बडादशैँको इतिहास, महत्व र मौलिकता

दशैँ वा बडा दशैँ (अन्य नामः दशहरा, विजया दशमी, नौरथा, नवरात्रि, आयुध–पूजा) नेपालीहरूको प्रमुख चाड हो। राष्ट्रिय चाड समेत मनिने दशैँ (नौरथा) हिन्दू धर्मवलम्बीहरूले असोज महिनाको शुक्ल प्रतिपदा का दिनदेखि नवमी सम्म (नौरथाभर) शक्तिको आराधना गरी दशौँ दिन बिहान दशमीका दिन आफूभन्दा ठूला मान्यजनहरूको हातबाट टीका–प्रसाद ग्रहण गरेर विशेष रूपमा पूर्णिमासम्म (प्रसाद ग्रहणका लागि) मनाउने गर्छन्। असोज शुक्ल प्रतिपदा (घटस्थापना) मा जमरा राखी नवमीसम्म नौरथा विधिले प्रत्येक दिन फरक देवीहरूको पूजा हुन्छ। प्रतिपदादेखि क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघन्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र त्रिशक्ति महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजाआजा र आराधना गरिन्छ।

विजयादशमीको दिन भगवतिले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टिका र जमरा लगाउने चलन रहेको छ। असोज महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन यस पर्वको प्रमुख दिन हो। यसलाई असत्य माथि सत्यको विजयको रूपमा लिइन्छ। यसकारण, यस दशमीलाई विजयादशमी भनिएको हो। आफ्ना नाता कुटुम्ब ठूला बडा र मान्यजनबाट टीका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमता अनुसार मिठो खाना खाने–ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ।

दशैँ वर्षका तीन अत्यन्त शुभ तिथिहरूमा पर्छन्: चैत (चैत) को शुक्लको एवम् कात्तिक शुक्लको प्रतिपदा तिथि। यी दिनहरूमा हिन्दूहरू नयाँ कार्य शुरु गर्दछन्, शस्त्रको पूजा गर्दछन्। विजयदशमी भगवान् रामको विजयको रूपमा मनाइयोस् अथवा दुर्गा पूजाको रूपमा, दुवैमा रूपमा यो शक्ति–पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो। दशैँ हर्ष एवम् उल्लास तथा विजयको पर्व हो। हिन्दू संस्कृति वीरताको पूजक अनि शौर्यको उपासक हो। व्यक्ति र समाजको रगतमा वीरता प्रकट होस् भन्ने ध्येयले दशैँको उत्सव (पर्व) शुरु भएको हो। दशैँ पर्वले दश प्रकारका पापहरू– काम, क्रोध, लोभ, मोह मद, मत्सर, अहङ्कार, आलस्य, हिंसा र चोरी त्याग्ने(छोड्ने) प्रेरणा दिन्छ।

**महत्त्व**

असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा दशैँ मनाइन्छ।

शक्तिवादका अनुयायीहरूका लागि, यो देवी दुर्गाको विजयको प्रतिनिधित्व गर्दछ। हिन्दू धर्मशास्त्रमा महिषासुर दानवले देवलोक (देवताहरू बस्ने संसार)मा आतङ्क मच्चाएका थिए तर दुर्गाले राक्षसहरूलाई मारेकी थिइन्। दशैँको पहिलो नौ दिन दुर्गा र महिषासुरका विभिन्न अवतारहरूबीच भएको युद्धको प्रतीक हो। दशौँ दिन त्यो दिन हो जब दुर्गाले अन्ततः उनलाई पराजित गरेकी थिइन्। अन्य हिन्दूहरूका लागि यो चाड रावणमाथि रामको विजयको प्रतीक हो जुन रामायणमा वर्णन गरिएको छ।

**महत्त्वपूर्ण दिनहरू**

**घटस्थापना**

विजयादशमीको पहिलो दिन घटस्थापना हो। यसै दिनदेखि नौरथा आरम्भ हुन्छ। क्रमशः दशमीका दिन प्रातः काल मात्र यस व्रत समापन हुन्छ। यसै दिन जमरा राखिन्छ। यस दिन घट कलशको स्थापना गरी देवी–देवतालाई आवाहन गरिन्छ। यस दिन नदी, खोला, बगर वा आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा अथवा पञ्चमाटो ल्याई दशैँ घर वा पूजाकोठामा राखी जमरा उमार्न जौ अथवा गाउँ घरमा चलिआएको अन्न छरिन्छ।

**महासप्तमी**

नौरथाको सातौँ दिनलाई फूलपाती अथवा महासप्तमी भनिन्छ। नौरथाको सप्तमीका दिन बेलपत्र, धानको गाभा, अनार, अदुवाको बोट, कच्चु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू दशैँ घरमा भित्र्याउने कार्यलाई फूलपाती भित्र्याउने भनिन्छ। वर्षा ऋतु सकिएर शरद ऋतुको स्वागतका लागि नयाँ पालुवाहरू घरमा भित्र्याउँदा घरभित्र रहने रोग वृद्धिकारक जीवांश र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरू औषधीय पालुवाको प्रभावले घरमा रहन सक्दैनन् भन्ने विश्वास गरिन्छ।

महाष्टमी

नौरथाको आठौँ दिनलाई महाअष्टमी भनिन्छ। यस दिनमा महाकाली –भद्रकालीको विशेष पूजा–आजा गरिन्छ। देवीभागवत् अनुसार प्राचीन कालमा दक्षप्रजापतिको यज्ञ नाश गर्ने ज्यादै शक्तिशाली भद्रकाली (करोडौँ योनी–शक्ति) का साथ अष्टमीका दिन उत्पन्न भएको पूजा गर्ने चलन छ। पूजापश्चात् यी देवीलाई बोका, कुखुरा, हाँस, राँगो बलि दिइन्छ। यी दिनहरूमा मानिसहरू आ–आफ्ना कुलदेवी, देवता र स्थानीय देवीदेवतालाई पूजी बलि दिन्छन्। शाकाहारीहरूले नरिवल, कुभिण्डो, केरा, घिरौँला, आदि फल अर्पण गर्दछन्। काठमाडौँको तलेजु भवानीको मन्दिर पनि यस दिन सर्वसाधारणको लागि खुल्ला रहन्छ। यसै दिन दशैँघर (हनुमानढोका) को मूल चोकमा तलेजु भवानीलाई ५४ राँगा र त्यत्ति नै बोका बलि अर्पण गरिन्छ।

**महानवमी**

नौरथाको नवौँ दिनलाई महानवमी भनिन्छ। यस दिन विशेष गरी सिद्धिद्धात्रि देवीको पूजा–आजा गरिन्छ। यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बलि दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ। यस दिन अरू पूजाको अतिरिक्त विशेष गरी दुई वर्षदेखि दश वर्षसम्मका नवकन्याहरूको पनि पूजाआजा गरिन्छ।

**विजयादशमी**

नौरथाको दशौँ दिनलाई विजयादशमी पनि भनिन्छ। यस सम्बन्धमा श्रीमद्देवीभागवत नौरथा प्रकरणमा नौरथा पर्यन्त अहोरात्र व्रत बसी दशमीका दिन शुभसाहितमा भगवान रामचन्द्रले रावण माथि विजय प्राप्त गरेकाले यसलाई विजयादशमी भनिएको हो भन्ने कथन छ। यस दिनमा देवीका मूर्तिहरू र नवपत्रिकालाई बाजा, गाजा या वैदिक मन्त्र पढी जलाशयमा लगी सेलाई त्यसपछि घडाका जलले अभिषेक गरी देवीलाई चढाएको रातो अनि सेतो वस्त्रको कपडालाई प्रसादको रूपमा घाँटीमा लगाइन्छ। अनि घरका मोलमान्छेले भगवतीको प्रसाद स्वरूप अबीर र दहीमा मुछेको चामलका टीका निधारमा, जमरा टाउकोमा लगाई दक्षिणा दिई आशीर्वाद दिन्छन्। अनि सपरिवार नातेदारकहाँ तथा मान्यवरकहाँ दशैँको लागि तयार पारी राखिएको नयाँ लुगा लाई टीका लगाउन जान्छन्।

*टीका लगाउँदा दिने आशीष (पुरुष):*
*आयू द्रोणसुते श्रीयो दशरथे शत्रुक्षयं राघवे।*
*ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने।*
*दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते।*
*विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे॥*

*आशीष अनुवाद*
*द्रोणपुत्र अस्वत्थामाको जस्तो दीर्घायु,*
*दशरथ राजाको जस्तो श्रीसम्पत्ति प्राप्त होस्,*
*भगवान् रामको जस्तो शत्रु नाश हुन्,*
*नहुष राजाको जस्तो ऐश्वर्य,*
*पवनसुत हनुमानको जस्तो गतिशीलता,*
*दुर्योधनको जस्तो मान,*
*सूर्यपुत्र कर्णको जस्तो दानवीरता,*
*हलधर बलरामको जस्तो बल,*
*कुन्तीपुत्र युधिष्ठिरको जस्तो सत्यवादिता,*
*विदुरको जस्तो ज्ञान र*
**भगवान् नारायणको जस्तो कीर्ति तिमीलाई प्राप्त होस्**

द्रोणपुत्र अस्वत्थामाको जस्तो दीर्घायु, दशरथ राजाको जस्तो श्रीसम्पत्ति प्राप्त होस्, भगवान् रामको जस्तो शत्रु नाश हुन्, नहुष राजाको जस्तो ऐश्वर्य, पवनसुत हनुमानको जस्तो गतिशीलता, दुर्योधनको जस्तो मान, सूर्यपुत्र कर्णको जस्तो दानवीरता, हलधर बलरामको जस्तो बल, कुन्तीपुत्र युधिष्ठिरको जस्तो सत्यवादिता, विदुरको जस्तो ज्ञान र भगवान् नारायणको जस्तो कीर्ति तपाईंलाई प्राप्त होस् भनी मान्यजनबाट आशीर्वचन लिइन्छ। मानिसको मस्तिष्कमा रहेको विकारलाई हटाई पराक्रमी पुरुषार्थी भावको विकासका लागि टीका लगाइन्छ। मजिठोको रातो रङमा गाईको दूधको दहीले रंगाएको रातो, सेतो अक्षताको टीका लगाउनुपर्छ। रातो र सेतो शान्ति र समृद्धिको प्रतीक हो। टीकाले मन, मस्तिष्क, विचारलाई शुद्ध चेतनायुक्त बनाउँछ भन्ने विश्वास रहेको छ।

टीका लाउँदा दिने आशीष (महिला):
जयन्ती मङ्गलाकाली भद्रकाली कपालिनी।
दुर्गा क्षमा शिवधात्री स्वाहा स्वधा नमोस्तुते।
जयत्वं देवी चामुण्डे जय भूतार्तिहारिणि
जय सर्वगते देवि कालरात्रि नमोऽस्तु ते॥

आशीष अनुवाद
ओम जयन्ती मंगला काली भद्रकाली कपालिनी।
दुर्गा, क्षमा, शिव, धात्री, स्वाहा, स्वाधा, म तिमीलाई नमन गर्दछु।
हे देवी चामुण्डा तिम्रो जय होस्, तिम्रो जय होस्, प्राणीको दुःख नाश गर्ने होस्।



जय सर्वगते देवी कालरात्रिमा म तिमीलाई नमन गर्दछु।

आफ्नो घरमा टीका लगाउन आउनेको क्रम पनि उत्तिकै रहन्छ। अन्त्यमा यो टीका लगाउने काम पूर्णिमासम्म जारी रहन्छ र पूर्णिमादेखि एक पक्षको (पन्ध्र) दशैँ चाडको अन्त्य हुन्छ। यसै बखत वर्षा पुग्यो भनी इन्द्रलाई समाचार दिने पौराणिक कथनको अवलम्बन गरी वर्षा थाम्न चङ्गा उडाउने कार्य पनि बन्द गरिन्छ।

'आवाहनं नजानामि नजानामि विर्जसनम्।
पूजां चैव नजानामि क्षम्यतां परमेश्वरी।
इमां पूजां मया देवी यथाशक्त्या निवेदितम्।
रक्षार्थ त्वत्प्रसादाय व्रज स्वस्थानमुत्तमम्॥'

यसपछि देवीका मूर्तिहरू र नवपत्रिकालाई बाजा, गाजा या वैदिक मन्त्र पढी जलाशयमा लगी सेलाई त्यसपछि घडाका जलले अभिषेक गरी देवीलाई चढाएको रातो अनि सेतो वस्त्रको कपडालाई प्रसादको रूपमा घाँटीमा लगाइन्छ। अनि घरका मुलिद्वारा भगवतीको प्रसाद स्वरूप अवीर र दहीमा मुछेको चामलका टीका निधारमा, जमरा टाउकोमा लगाई दक्षिणा दिई आशीर्वाद ग्रहण गरिन्छ। अनि सपरिवार नातेदारकहाँ तथा मान्यवरकहाँ दशैँको लागि तयार पारी राखिएको लुगाले ठाँटिएर टीका लगाउन जान्छन्।

**कोजाग्रत पूर्णिमा**

पूर्णिमाको दिन मनाइने यस पर्वको अन्तिम दिनलाई 'कोजाग्रत' पूर्णिमा भनिन्छ। कोजाग्रतको शाब्दिक अर्थ 'जागृत' भन्ने हो। यस दिन धनधान्यकी देवी लक्ष्मीको पूजा आराधना गरिन्छ। देवी लक्ष्मी पृथ्वीमा अवतरित हुन्छिन् र धन र समृद्धिको साथ रातभर जाग्राम रहने जो कोहीलाई वर्षा गराउँछिन् भन्ने विश्वास गरिन्छ। मानिसहरू तास, लङ्गुर बुर्जा, कौडा लगायतका खेलहरू पनि खेल्ने गर्छन् तथापि, यस्ता खेलहरू नेपालमा प्रतिबन्धित छन्।

**अन्य देशहरूमा**

**भारतमा दशैँ**

विजयदशमी भगवान रामको विजयको रूपमा मनाइयोस् अथवा दुर्गा पूजाको रूपमा, दुवैमा रूपमा यो शक्ति–पूजाको पर्व हो, शस्त्र पूजनको तिथि हो। हर्षोउल्लास तथा विजयको पर्व हो। संसारका कुना–कुनामा यो पर्व विभिन्न रूपमा मनाइन्छ। सिक्किममा पनि नेपालमा जस्तै घटस्थापना, फूलपाती, विजया दशमी आदि धूमधामसित मनाइन्छ, नेपालमा जस्तै दशैँ मनाउने अन्य स्थानहरू हुन्ः

पश्चिम बङ्गाल उत्तरी जिल्लाहरू जसमा दार्जिलिङ्ग, जलपाईगुडी हुन्।

भुटान।

**म्यानमार।**

भारतका उत्तर–पूर्वी नेपाली बसेका राज्यहरू जस्तै मेघालय, आसाम, अरुणाचल प्रदेश, नागाल्यान्ड, मणिपुर, त्रिपुरा, उत्तराखण्डको देहरादून आदि। विश्वका ती स्थानहरू जहाँ नेपालीहरू बसोबास गर्दैछन्।

हिमाचल प्रदेशमा कुल्लू का दशहरा भनेर प्रसिद्ध छ। अन्य स्थानहरूकै जस्तो यहाँ पनि दश दिन अथवा एक सप्ताह पूर्व यस पर्वको तयारी आरम्भ हुन्छ। स्त्री–पुरुष सबै सुंदर वस्त्रहरू पहिरिएर तुरही, बिगुल, ढोल, नगरा, बाँसुरी आदि–आदि जोसित जो बाजा छ, लिएर बाहिर निस्कन्छन्। पहाडका मानिसहरू आफ्नो ग्रामीण देवताको धूम धामसित जुलूस निकालेर पूजा गर्दछन्। देवताहरूको मूर्तिलाई आकर्षक पालकीमा सुंदर ढङ्गले सजाइन्छ। साथै उनीहरू आफ्नो मुख्य देवता रघुनाथजीको पनि पूजा गर्दछन्। यस जुलूसमा प्रशिक्षित नर्तक–नटी नृत्य गर्दछन्। यस प्रकार जुलुस बनाएर नगरका मुख्य भागहरू हुँदै नगर परिक्रमा गर्दछन् र कुल्लू नगरमा देवता रघुनाथजीको वन्दनासित दशैँ (दशहरा) उत्सवको आरम्भ गर्छन्। दशमीको दिन यस उत्सवको शोभा रोचक हुन्छ।

पन्जाबमा दशहरा नौरथाका नौ दिनको उपवास राखेर मनाइन्छ। त्यसबेला यहाँ अतिथहरूको स्वागत पारम्परिक मिठाई र उपहारले गरिन्छ। यहाँ पनि रावण–दहनको आयोजन हुन्छ अनि मैदानहरूमा मेला लाग्छन्। बस्तरमा दशहराको मुख्य कारणलाई रामले रावणमाथि गरेको विजय नमानेर, मानिसहरू यसको कारण मां दन्तेश्वरीको आराधनालाई समर्पित एक पर्व मान्दछन्। दन्तेश्वरी माता बस्तर अञ्चलका निवासीहरूको आराध्य देवी हुन्, जसलाई दुर्गाको रूप मानिन्छ। यहाँ यो पर्व पूरै ७५ दिनसम्म चल्दछ। यहाँ दशहरा साउन मासको अमावाश्य देखि असोज मासको शुक्ल त्रयोदशीसम्म चल्छ। प्रथम दिन जसलाई काछिन गादि भन्दछन्, देवीसित समारोह आरम्भको अनुमति लिइन्छ। देवीलाई एउटा गद्दीमा सजाइन्छ, जसलाई काछिन गादि भनिन्छ। यो समारोह लगभग १५औँ शताब्दीदेखि शुरु भएको बतान्छ। यस पछि जोगी–बिठाई कार्यक्रम, त्यसपछि भीतर रैनी (विजया दशमी) र बाहर रैनी (रथ–यात्रा) र अंतमा मुरिया दरबार उत्सव मनाइन्छ। यो असोज शुक्ल त्रयोदशीमा ओहाडी पर्वसित समापन हुन्छ।

पश्चिम बङ्गालमा यो पर्व दुर्गा पूजाको रूपमा नै मनाइन्छ। यो बङ्गालीको सबैभन्दा महत्त्वपूर्ण पर्व हो। बङ्गालमा पाँच दिनसम्म यो पर्व मनाइन्छ। यहाँ देवी दुर्गालाई भव्य सुशोभित पण्डालहरूमा सजाइन्छ। देशका नामी कलाकारहरू बोलाएर दुर्गाको मूर्ति तयार गरिन्छ। यसका साथै अन्य देवी द्वेवताहरूको पनि मूर्तिहरू बनाइन्छ। पर्वको समयमा शहरका सानातिना स्टालहरू पनि मिठाईले भरिन्छन्। यहाँ षष्ठीको दिन दुर्गा देवीको बोधन, आमन्त्रण एवम् प्राण प्रतिष्ठा आयोजना गरिन्छ। त्यसपछि सप्तमी, अष्टमी एवम् नवमीका दिन प्रातः र सायम्काल दुर्गाको पूजामा व्यतीत हुन्छन्। दशमीको दिन विशेष पूजाको आयोजन गरिन्छ। प्रसाद चढाइन्छ र प्रसाद वितरण गरिन्छ। पुरुष आपसमा आलिंगन गर्दछन्, जसलाई कोलाकुली भनिन्छ। स्त्रीहरूले देवीको शीरमा सिन्दुर चढाउँछन् र देवीलाई आँशु झार्दै बिदाइ दिन्छन्। यसका साथै उनीहरू आपस्तमा पनि सिन्दुर लगाउँछन् र सिन्दूर खेल्छन्। यस दिन यहाँ नीलकण्ठ पक्षीको दर्शन शुभ मानिन्छ। त्यसपछि देवी प्रतिमाहरूलाई ठूला ट्रकहरूमा हालेर विसर्जनको निम्ति लगिन्छ। विसर्जनको यो यात्रा पनि साह्रै शोभनीय र दर्शनीय हुन्छ।

तमिलनाडु, आन्ध्र प्रदेश एवम् कर्नाटकमा दशहरा नौ दिनसम्म चल्छ जसमा तीन देवीहरू लक्ष्मी, सरस्वती र दुर्गाको पूजा गरिन्छ। पहिला तीन दिन लक्ष्मी–धन र समृद्धिकी देवीको पूजन हुन्छ। दोस्रो तीन दिन सरस्वती– कला र विद्याकी देवीको अर्चना गरिन्छ र अंतिम दिन देवी दुर्गा–शक्तिकी देवीको स्तुति गरिन्छ। पूजन स्थललाई राम्ररी फूलहरूले र दीपकहरूले सजाइन्छ। मानिसहरू एक–अर्काप्रति मिठाईहरू र लुगाहरू आदान–प्रदान गर्दछन्। यहाँ दशहरा नानीहरूको निम्ति शिक्षा या कला सम्बन्धि नयाँ कार्य सिक्नका लागि शुभ समय मानिन्छ। कर्नाटकमा मैसूरको दशहरा विशेष उल्लेखनीय छ। मैसूरमा दशहराको समय पूरै शहरका गल्लीहरू रोशनीले सजाइन्छ र हात्तीहरूलाई सिंगारेर शहरभरि एक भव्य जुलूससित घुमाइन्छ। यस समय प्रसिद्ध मैसूर महललाई दीपमालिकाहरूले सजाइन्छ। यसका साथै मानिसहरू टर्च लाइट लिएर नाचगान गरी आनन्द लिन्छन्। यी द्रविड प्रदेशहरूमा रावण–दहनको आयोजन गरिदैँन।

गुजरातमा मिट्टी सुशोभित रङ्गीन घडा देवीको प्रतीक मानिन्छ र यसलाई कुमारी केटीहरूले शिरमा राखेर एउटा लोकप्रिय नृत्य गर्छन् जसलाई गरबा भनिन्छ। गरबा नृत्य यस पर्वको महत्त्वपूर्ण अङ्ग हो। पुरुष एवम् महिलाहरू दुइवटा साना–साना रङ्गाएका लौरा लिएर सङ्गीतको लयमा आपसमा बजाउँदै घुमेर नृत्य गर्दछन्। यस अवसरमा भक्ति, फिल्म तथा पारंपरिक लोक–सङ्गीत सबै थोकको समायोजन हुन्छ। पूजा र आरतीपछि डान्डिया रास रातभरि गरिन्छ। नौरथामा सुन र गहना किन्नु शुभ मानिन्छ।

महाराष्ट्रमा यस अवसरमा सिलंगणको नामले सामाजिक महोत्सवको रूपमा मनाइन्छ। सायम्कालको समयमा सबैजना सुन्दर–सुन्दर नयाँ लुगा लगाएर गाउँको सीमा पार गरेर शमी वृक्षका पातको रूपमा 'स्वर्ण' (सुन) लिएर आ–आफ्नो गाउँ फिर्छन्। फेरि त्यस स्वर्णलाई परस्परमा आदान–प्रदान गर्दछन्।

महाराष्ट्रमा नौरथाका नौ दिन माँ दुर्गालाई समर्पित गरिन्छ, जब कि दशौँ दिन ज्ञानकी देवी सरस्वतीको वन्दना गरिन्छ। यस दिन विद्यालय जाने बालबालिका आफ्नो पढाईको निम्ति आशीर्वाद माग्न माता सरस्वतीका तान्त्रिक चिह्नहरूको पूजा गर्छन्। कुनै पनि कुरालाई शुरु गर्न विशेष गरी विद्या शुरु गर्न यो दिन अति शुभ मानिन्छ। महाराष्ट्रका मानिस यस दिनलाई विवाह, गृह–प्रवेश एवम् नयाँ घर किन्ने शुभ मुहूर्त मान्दछन्।

कश्मीरका अल्पसंख्यक हिन्दू नौरथाको पर्वलाई श्रद्धासित मनाउँछन्। परिवारका सबै वयस्क सदस्य नौ दिनसम्म खालि पानी खाएर उपवास बस्छन्। अत्यन्त पुरानो परम्पराअनुसार नौ दिनसम्म मानिसहरू माता खीर भवानीको दर्शन गर्न जान्छन्। यो मन्दिर एउटा तालको बीचमा छ। बताइन्छ कि देवीले अपने भक्तहरूसित भनेकी थिइन्, जब कुनै अनर्थ हुने सम्भावना हुन्छ त्यसबेला सरोवर (ताल)को पानी कालो हुनेछ। भनिन्छ कि इन्दिरा गान्धीको हत्याको ठीक एक दिन पहिला र भारत–पाकिस्तान युद्धको पहिला यहाँको पानी साँच्चै कालो भएको बताइएको छ।

**विविध**

यस चाडले 'ईश्वरीय' र 'राक्षसी' शक्तिहरूबीचको रक्तपातपूर्ण लडाइँको सम्झना गर्ने भएकाले यस समयमा पशुबलीहरू सामान्य जस्तै छ। मालश्री धुन लाई दशैँको सङ्गीतको रुपमा नेपाली सङ्गीतको मूलधारमा समाहित गरिएको छ। यही धुनले नै दशैँ आएको घोषणा हुन्छ। मालाश्री धुन नेवाः कलाको सबैभन्दा पुरानो जीवित भक्तिसङ्गीतमध्ये एक हो, जसको उत्पत्ति १७औँ शताब्दीमा भएको थियो। उचित समयमा र दशैँ नेवारहरूले मात्र होइन तर सबै नेपालीहरूले मनाउने तथ्यलाई पनि ध्यानमा राख्दै, यो धुनलाई सृजना गरिएको थियो। यो राष्ट्रिय संस्कृतिको एक भाग हो जसलाई दशैँको समयमा बजाइन्छ।

दशैँ नजिकिँदै जाँदा चङ्गा उडाउनु सामान्य हुँदै जान्छ। अब वर्षा नपठाउन भगवानलाई सम्झाउने एउटा तरिका मानिने भएकाले चङ्गा उडाउने गरिन्छ। यो नेपालमा दशैँ मनाउनुको एउटा महत्वपूर्ण पाटो हो। रङ्गीचङ्गी चङ्गा र 'चङ्गा चेट' (यो वाक्यांश सामान्यतया एकले अर्को व्यक्तिको चङ्गाको डोरी काट्दा प्रयोग गरिन्छ) भनेर चिच्याउने आवाजहरू चाडको समयमा लोकप्रिय रहन्छ।

तास, लङ्गुर बुर्जा, कौडा आदी खेल्नु पनि दशैँ मनाउने अर्को तरिका हो। दशैँको समयमा केटाकेटीहरू चङ्गा उडाउन व्यस्त हुँदा, परिवारका ठूला सदस्यहरू पैसा र रमाइलोका लागि एकसाथ भेला भएर र तास खेलेर आफ्नो समय बिताउँछन्।

नयाँ लुगा किन्नु र लगाउनु चाडबाडको महत्वपूर्ण भाग हो। गाउँघरमा बसोबास गर्ने धेरै मानिस गरिबीको रेखामुनि रहेकाले उनीहरूका लागि नयाँ लुगा दशैँसँगै मात्र किनमेल गरेको पाइन्छ। लगभग सबै पसलहरूमा उत्सव प्रस्तावहरू र छुटहरूका साथ सामानहरू बिक्री गरिन्छ। यसले किनमेललाई थप आकर्षक बनाउँछ। चाडबाडमा सबैभन्दा बढी लत्ताकपडा बिक्री हुने गरेको छ।

उत्सवको रूपमा देशका धेरै भागहरूमा बाँसको पिङहरू निर्माण गरिन्छ। दशैँमा विभिन्न प्रकारका पिङहरू निर्माण गरिन्छन्। यसले स्थानीय संस्कृति, परम्परा, सामुदायिक भावना, र आनन्दको सबै भन्दा राम्रो प्रस्तुती मानिन्छ। यी पिङहरू समुदायका सदस्यहरूले परम्परागत सामग्रीहरूद्वारा निर्माण गरेका हुन् जसमा कडा घाँस, बाँसको लट्ठी र काठ र डोरी प्रयोग गरिन्छ। सामान्यतया घटस्थापनाको एक हप्ताअघि नै पिङ निर्माण हुने र दशैँपछि आउने तिहारपछि मात्र भत्काउने गरिन्छ। कुनै–कुनै पिङको उचाइ बीस फिटभन्दा बढी हुन्छ। सबै उमेरका मानिसहरू पिङको आनन्द लिन्छन्।

चाडबाडको समयमा मेला तथा उत्सवको आयोजना गरिन्छ। सामान्यतया, यस पर्वमा विविध सांस्कृतिक कार्यक्रमहरू पनि आयोजना गरिन्छ। तथापि, शहरहरूमा व्यावसायिक मेला र उत्सवहरू सामान्यतया व्यवस्थित हुन्छन्।

हरेक वर्ष दशैँमा राँगा, हाँस, भेडा, कुखुरा, खसी बोकालगायत हजारौँ जनावरको बध हुने गरेको छ। यस्ता बलिबाट देवीदेवताहरू प्रशन्न हुन्छन् भन्ने मान्यता भएकाले यसलाई महत्वपूर्ण अनुष्ठानका रूपमा लिइन्छ। प्रायः सबै मन्दिरहरू, विशेष गरी दुर्गा र काली मन्दिरहरूमा हजारौँ बलि चढाइन्छ। अष्टमी र नवमी बलि दिने प्रमुख दिन हो। देवीदेवताहरूलाई प्रशन्न पार्न हजारौँ पशुहरूको बलि चढाइन्छ भने मानिसहरू चाडवाडका लागि पशुहरूको पनि बलि चढाउँछन्। चाडबाडको पन्ध्र दिनसम्म धेरै भोजभतेर र जमघट हुने भएकाले मासुको माग ह्वात्तै बढ्छ। माग पूरा गर्न, जनावरहरूको बध धेरै उच्च र आवश्यक हुन्छ जसले गर्दा यस पर्व खर्चिलो हुन जान्छ।

**विजय पर्व**

दशैँको उत्सव शक्ति र शक्तिको समन्वय गराउने उत्सव हो। नौरथाका नौ दिन जगदम्बाको उपासना गरेर शक्तिशाली बनेको मनुष्य विजय प्राप्तिको लागि तत्पर रहन्छ। यस दृष्टिले दशैँ अर्थात् विजयको लागि प्रस्थानको उत्सवको उत्सव आवश्यक पनि हुन्छ। हिन्दू संस्कृति प्राचीनकालदेखि नै वीरता र शौर्यको समर्थक रहेको छ। प्रत्येक व्यक्ति र समाजको खुनमा वीरताको प्रादुर्भाव होस् भन्ने ध्येयले नै दशैँको उत्सव मनाइन्छ। यदि कतै युद्ध अनिवार्य नै भयो भने शत्रुको आक्रमणको प्रतीक्षा नगरी उमाथि आक्रमण गरेर जित्नु नै कुशल राजनीति हो। भगवान रामको समयदेखि नै यो दिन विजय प्रस्थानको प्रतीक निश्चित भएको भन्ने भनाई छ। भगवान रामले रावणसित युद्ध गर्न यसै दिन प्रस्थान गरेका थिए। मराठा रत्न शिवाजीले पनि औरगजेवको विरुद्ध यसै दिन प्रस्थान गरेर हिन्दू धर्मको रक्षा गरेका थिए। इतिहासमा अनेक उदाहरण छन् जब हिन्दू राजा यस दिन विजय–प्रस्थान गर्दथे।

यस पर्वलाई भगवतीको 'विजया' नाममाथि पनि 'विजया दशमी' भनिएको हो। यस दिन भगवान रामचन्द्र चौध वर्षको वनबास भोगेर तथा रावणको बध गरेर अयोध्या पुगे। यस कारण पनि यस पर्वलाई 'विजया दशमी' भनिन्छ। यस्तो मानिएको छ कि असोज शुक्ल दशमीमा तारा उदय हुने समय 'विजय' नामक मुहूर्त हुन्छ। यो काल सर्वकार्य सिद्धिदायक हुन्छ। यसकारण पनि यसलाई विजयादशमी भनिएको हो।

यस्तो पनि मानिएको छ कि शत्रुमाथि विजय पाउन यसै समयमा प्रस्थान गर्नुपर्छ। यस दिन श्रवण नक्षत्रको योग अझ शुभ मानिएको छ। यस दिन दुर्योधनले पाण्डवलाई जुवामा पराजित गरेर बाह्र वर्षको वनवासको साथ तेह्रौँ वर्षमा अज्ञातबासको शर्त दिएका थिए। तेह्रौँ वर्षमा यदि उनीहरूको पत्ता लागे पाण्डवले पुनः वनबास भोग्नु पर्ने थियो। यसै अज्ञातबासमा अर्जुनले आफ्नो धनु एउटा शमी वृक्षमा राखेका थिए तथा स्वयम् राजा विराटको दरबारमा नोकरी गरेका थिए। जब गोरक्षको लागि विराटका पुत्रले अर्जुनलाई आफ्नो साथ लिए, तब अर्जुनले शमी वृक्षबाट आफ्ना हतियार उठाएर शत्रुमाथि विजय प्राप्त गरेका थिए। विजयादशमीको दिन भगवान रामचन्द्रले लङ्कामाथि चढाई गर्न प्रस्थान गर्दा शमी वृक्षले भगवानको विजयको उद्घोष गरेको बताइन्छ। विजयकालमा शमीको पूजा यसै कारण भएको हो।

**पशुबलिसँग सम्बन्धित विवाद**

दशैँ पर्वमा पशुबलिका कारण प्रायः आलोचना हुने गरेको छ। सामूहिक पशुबलिविरुद्ध सरकारी कारबाहीको माग गरिएको छ। ताजा रगत चढाउँदा देवी दुर्गा प्रशन्न हुन्छिन् भन्ने विश्वासका साथ विशेषगरी पर्वको आठौँ र नवौँ दिनमा सयौँ पशुपक्षीको विधिपूर्वक बध गरिन्छ। परम्परागतरूपमा बलिको लागि योग्य चरा र जनावरमा खसी, बोका, राँगा, भेडा, कुखुरा र हाँस समावेश छन्। केही पशु अधिकारकर्मीहरूले चराचुरुङ्गी र जनावरको विपरीत फर्सी र नरिवल प्रयोगको लागि आह्वान गरेका छन्।

विभिन्न राष्ट्रिय विभूति तथा पशु अधिकारकर्मीले पनि यस पर्वमा पशुक्रूरताको विषयमा चिन्ता व्यक्त गरेका छन्। दशैँ र अन्य सांस्कृतिक उत्सव नेपाली जीवनशैलीमा गाँसिएका छन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# खसी–बोका बिक्री हुँदा किसान खुसी



सुदूरपश्चिम । कैलालीको चुरे गाउँपालिकाका किसान जीवन थापा हाल धनगढीमा खसी—बोका बिक्री गर्न भ्याइनभ्याइ छ । दशैँको समयमा सहरी क्षेत्रमा खसी–बोकाको बिक्री बढ्दा बाख्रापालनमा गरेको मेहनत र लगानी उठ्न थालेको भन्दै उनी खुसी छन् ।

थापाले भने, 'गाउँमा खसी–बोकाको त्यति माग नहुने भएपछि सहरमा ल्याएर बिक्री गरिरहेको छु । माग राम्रै छ, आम्दानीले घर खर्च चलाउन सहज हुँदैछ ।' उनको खोरमा १ सय ५० गोटासम्म खसीबोका छन् । हाल विशेष गरी बोकाको माग राम्रो भइरहेको र जिउँदो बोका प्रतिकिलो ५ सय ५० रुपैयाँका दरमा बिक्री गर्ने गरेको थापाले सुनाए ।

उनले धनगढीमा ८० बोका ल्याएर घुम्ती व्यापार गरिरहेका छन् । उनले भने, 'चुरे गाउँपालिकाका किसानको मुख्य आम्दानीको स्रोत बाख्रापालन, फलफूल र तरकारीखेती हो, तर पछिल्ला वर्षमा जङ्गलमा चर्न जाने बाख्रालाई बाघले खाने समस्या बढ्दा हामी चिन्तित छौँ ।'

चुरे गाउँपालिकाका किसानले खोरमा कम्तीमा २० देखि बढीमा १ सय ५० गोटासम्म बाख्रापालन गरिरहेको बताइएको छ । व्यापारी दुर्गाबहादुर खम्जालीले चुरे क्षेत्रका खसी–बोकाको माग काठमाडौँ र पोखरासम्मका व्यापारीबाट आउने गरेको बताए । पछिल्लो समय बलि दिने परम्परामा कमी आउन थालेको र साकाहारी हुनेको सङ्ख्या बढ्दै जाँदा विगतका जस्तो माग भने नरहेको उनको भनाइ छ ।

चुरे गाउँपालिका बाख्रापालनका लागि पकेट क्षेत्रका रूपमा रहेको छ । बडादशैँको समयमा यो क्षेत्रमा पालिएका खसी–बोकाको माग बढी हुने गरेको छ । बाख्रापालन व्यवसायका लागि चुरे क्षेत्रलाई सरकारले पकेट क्षेत्र घोषणा गरे पनि सहयोग नपाइरहेको कृषकको गुनासो छ ।

'सरकारले बाख्रापालनका लागि पकेट क्षेत्र घोषणा गर्छ, तर कुनै किसिमको सहयोग गर्दैन, किसानले दर्ता भएको फर्मअनुसार कर माल तिर्दै आएका छौँ,' अधिकांश किसानको गुनासो छ । चुरे गाउँपालिकामा अधिकांश किसानको मुख्य आयस्रोत बाख्रापालन, फलफूल, अदुवा र बेसारको खेती रहेको छ । रासस

# दशैँअघि अन्तिम कारोबारमा सेयर बजार बढ्यो

काठमाडौँ । दशैँ बिदाअघि अन्तिम कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ११.५१ अंकले वृद्धि भएको छ । तर, कारोबार रकम भने ३ अर्ब रुपैयाँभन्दा कममै सीमित रह्यो ।

आइतबारको कारोबारमा नेप्से सूचक ०.४३ प्रतिशतले बढ्दै २,६६३.५१ बिन्दुमा पुगेर बन्द भएको हो ।

बजार सूचक हरियाली देखिए पनि, दशैँको लम्बिएको बिदा र राफसाफ प्रक्रिया पछि सारिएको कारणले कारोबार रकममा खासै सुधार देखिएन ।

अन्तरिम सरकारले गठन गरेको सेयर बजार सुधार सुझाव कार्यदलले बजार स्थायित्वका लागि एकल ग्राहक सीमा हटाउने र बैंक तथा वित्तीय संस्थाहरूले सेयर खरिद गरेपछि एक वर्ष 'होल्ड' गर्नुपर्ने प्रावधान हटाउने जस्ता सुझाव दिएको छ ।

कार्यदलले तत्काल, मध्यकाल र दीर्घकालका लागि प्रस्ताव गरेका सिफारिस कार्यान्वयनमा आए बजार थप सुधारिने आशामा लगानीकर्ता उत्साहित देखिएका छन् ।

आइतबार नेप्सेमा कारोबार भएका ३१४ कम्पनीका ७५ लाख ११ हजार कित्ता सेयर खरिदबिक्री हुँदा २ अर्ब ९३ करोड रुपैयाँ बराबरको कारोबार भएको हो ।

दशैँपछि माल खुल्ने बजारले आगामी साता सुधारको गति लिने अपेक्षा लगानीकर्ता र विश्लेषकहरूले गरेका छन् । कार्यदलका सुझाव सरकारको कार्यान्वयनमा कत्तिको आउँछ भन्ने कुराले बजारको आगामी चाल निर्धारण गर्नेछ ।

# २१ दिन भित्र भुक्तानी गर्न प्राधिकरणको आग्रह

काठमाडौँ । नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् सप्लाई लिएका उपभोक्ताहरूलाई बक्यौता विद्युत् महसुल २१ दिन भित्र भुक्तानी गर्न आग्रह गरेको छ ।

आइतबार एक सूचना जारी गर्दै प्राधिकरणले यस अघि पुनरावलोकन सँग सम्बन्धित भएका सम्पूर्ण काम कारबाहीहरू खारेज गरिएको जानकारी गराएको छ ।

मासिक किस्ता बन्दीमा रकम भुक्तानी गर्न इच्छुक उपभोक्ताहरूलाई बढीमा २८ महिनाको किस्ता बन्दीको सुविधा उपलब्ध गराइने सूचनामा उल्लेख छ ।

प्राधिकरणले डिकेटेड फिडर तथा ट्रंक लाईन बक्यौता २१ दिन भित्र भुक्तान नगरे कारबाही गर्ने प्राधिकरणको चेतावनी नेपाल विद्युत् प्राधिकरण, विद्युत् महसुल सङ्कलन विनियमावली, २०७८ बमोजिम कारबाही हुने चेतावनी समेत दिएको छ ।

# जेन्जी आन्दोलनः बीमा दाबी २३ अर्ब ३९ करोड




काठमाडौँ । भदौ २३ र २४ गतेको जेन्जी पुस्ताको आन्दोलनका कारण क्षतिग्रस्त भएका भौतिक संरचनाको बीमा दाबी २३ अर्ब ३९ करोड २७ लाख रुपैयाँ बराबरको परेको छ । नेपाल बीमा प्राधिकरणका अनुसार बीमा दाबीको सूचना आउने क्रम जारी रहेको छ । हालसम्म सम्पत्ति बीमा पाँच सय १४, मोटर बीमा दुई हजार दुई सय नौ, इञ्जिनियरिङ तथा ठेक्का जोखिम बीमा एक सय ४४, परिवहन बीमा ११ र अन्य बीमाका ३० वटा आवेदन परेको छ ।

सबैभन्दा धेरै बीमा दाबी बागमती प्रदेशको रहेको छ । सो प्रदेशमा एक हजार छ सय आठ वटा बीमा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ । कोशीमा तीन सय ७७, मधेशमा तीन सय २३, गण्डकीमा दुई सय १९, लुम्बिनीमा दुई सय ५४, कर्णालीमा २५ र सुदूरपश्चिममा एक सय ८२ वटाको दाबी परेको छ । हालसम्म कूल दुई हजार नौ सय ८८ वटा बीमा दाबीको आवेदन परेको छ । भौतिक क्षति धेरै भएकाले दावीको संख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ । प्राधिकरणको विवरणअनुसार, सिद्धार्थ प्रिमियर इन्स्योरेन्समा र पाँच अर्ब ४५ करोड ९३ लाख बराबरको दाबी आवेदन परेको छ ।

यस्तै, दि ओरियन्टल इन्स्योरेन्समा पाँच अर्ब २३ करोड २४ लाख रुपैयाँ, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीमा दुई अर्ब ७९ करोड ६६ लाख रुपैयाँ, शिखर इन्स्योरेन्समा दुई अर्ब ३९ करोड १३ लाख रुपैयाँ, सगरमाथा लुम्बिनी इन्स्योरेन्समा एक अर्ब ५७ करोड ५९ लाख रुपैयाँ बराबरको बीमा दाबीको आवेदन परेको छ ।

मुलुकभर १४ वटा निर्जीवन बीमा कम्पनीसहित चार माइक्रो इन्स्योरेन्स कम्पनीमा ती आवेदन परेको प्राधिकरणले जनाएको छ । रासस

## 'जेन्जी' प्रदर्शनः

# बनेपा नगरपालिकामा १० करोडको क्षति



काभ्रेपलाञ्चोक । भदौ तेस्रो साता भएको 'जेन्जी' प्रदर्शनका क्रममा तोडफोड एवम् आगजनीबाट बनेपा नगरपालिमा करिब १० करोड रुपैयाँ बराबरको क्षति भएको मूल्याङ्कन गरिएको छ । नगर कार्यालयले गरेको प्राविधिक मूल्याङ्कनमा उक्त रकमबराबरको क्षति भएको जनाइएको हो ।

प्रदर्शनका क्रममा नगरको तीनतले मुख्य प्रशासनिक भवन, योजना शाखा र प्राविधिक शाखा रहेको भवन पूर्ण रूपमा क्षति भएको नगरले जनाएको छ । नगरको मूल्याङ्कनअनुसार तीनतले प्रशासनिक भवनको पहिलो तलामा रहेको सभाहल, प्रशासकीय अधिकृतको कार्यकक्ष, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, प्रशासन, सहकारी तथा सामुदायिक विकास, राजस्व, जिन्सी, दर्ता चलानी शाखा, पुरुष र महिला शौचालय तथा शाखाका कार्यकक्षभित्र रहेका महत्त्वपूर्ण अभिलेख तथा दस्तावेज पूर्ण रूपमा नष्ट भएको छ । विसं २०४३ मा निर्माण भएको उक्त मुख्य भवनको ह्रासकट्टीसहितको प्राविधिक मूल्याङ्कनमा पाँच करोड ४२ लाख ५४ हजार ४ सय ८७ रुपैयाँ क्षति भएको जनाइएको हो ।

त्यसैगरी, दोस्रो तलामा रहेका नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष, गोप्यकक्ष, सचिवालय कक्ष, न्यायिक समितिको इजलास कक्ष, कानुन, शिक्षा, लेखा शाखा र दुईवटा शौचालय जलेर पूर्ण रूपमा नष्ट भएको प्राविधि मूल्याङ्कनमा उल्लेख गरिएको छ । यस्तै तेस्रो तलामा रहेको आन्तरिक लेखा परीक्षण, जिन्सी गोदाम कक्ष र लेखा शाखाका सबै अभिलेख रहेको कक्षसहित सबै सामग्री जलेर नष्ट भएको जनाइएको छ ।

योजना र प्राविधिक शाखा रहेको भवनका सबै शाखा तथा कार्यकक्ष र त्यहाँका सम्पूर्ण सामग्री पूर्ण रूपमा जलेर नष्ट भएका छन् । सुरक्षा गार्ड र स्तनपान कक्ष रहेको भवनभित्रका सबै शाखा पनि जलेर नष्ट भएको उल्लेख गरिएको छ । मिनीट्रक ४९ लाख ५० हजार रुपैयाँ, तीन ट्याक्टरको ४५ लाख रुपैयाँ, एक टिपरको २५ लाख ९० हजार रुपैयाँ, एक मोटरसाइकलको एक लाख ४२ हजार ९ सय रुपैयाँ, दुई कारको २३ लाख रुपैयाँ, एक जीपको पाँच लाख आठ हजार २६८ रुपैयाँ, पाँच साइकलको ५० हजार रुपैयाँ क्षति भएको छ । डेक्सटप कम्प्युटर सेट ४४, ल्यापटप १६, ट्याबलेट १४, २१ मोबाइल, ५३ प्रिन्टर, डिजिटल क्यामेरा तिन, भिडियो क्यामेरा एक, टेलिभिजन तीनलगायत ६१ प्रकारका सामानको मूल्य आठ करोड २२ लाख ४९ हजार ५ सय ३१ रुपैयाँ बराबरको क्षति भएको उल्लेख छ ।

त्यस्तै, खर्च भएर जाने एक सय ४९ प्रकारका जिन्सी सामान जलेकामा १४ लाख ६० हजार रुपैयाँ क्षति भएको जनाइएको छ । विपद् प्रकोप व्यवस्थापनसम्बन्धी सम्पूर्ण सामग्री, सहरी तथा वातावरणीय सुधार परियोजनाको सामग्री तथा पुरातात्विक सामानसमेत पूर्ण रूपमा जलेर नष्ट भएका छन् । पुरातात्विक सामान पितलको कोपडा, चार धलौटका घण्टी, सिला भएको सूर्यनारायणको मूर्ति, ढुङ्गाको शिलापत्र, ढुङ्गाको मुखुण्डो, धलौटको सिनमुलगायत सामग्री चोरी भएको उल्लेख गरिएको छ ।

नगर कार्यालय तोडफोड, आगजनी तथा लुटपाटमा संलग्नको पहिचान गरी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयलाई लिखित जानकारी गराएको नगरप्रमुख शान्तिरत्न शाक्यले बताए । हाल बनेपा १० नं वडा कार्यालयमा नगर कार्यालय व्यवस्थापन गरी सेवा प्रवाह गरिएको छ ।

प्रदर्शनका क्रममा काभ्रेमा विभिन्न १८ सरकारी तथा निजी संरचनामा ठूलो क्षति पुर्याएको छ । विशेषगरी नगरपालिका भवन, प्रहरी कार्यालय तथा जनप्रतिनिधिको घरमा तोडफोड र आगजनी तथा लुटपाट गरी क्षति पुर्याएको हो । 'जेन्जी' आन्दोलनका क्रममा यहाँका चार जनाले काठमाडौँमा ज्यान गुमाएका छन् ।रासस


# चीनमा ऊँटको दूध अर्थात 'सेतो सुन': अर्थतन्त्रका लागि गतिलो आधार

एजेन्सी। चीनमा ऊँटको दूध उत्पादनले आर्थिक विकासमा टेवा पुर्याइरहेको छ । शताब्दी पुरानो ऊँटको दूध उत्पादनले आर्थिक रुपान्तरणमा ठूलो फाइदा समेत पुगेको चीनियाँ अधिकारीहरूले बताएका छन्।

चीनको सिनजियाङको अल्तेमा यो व्यावसायमा करिब पाँच परिवार आश्रित छन् । वाङ किआओका अनुसार गोठालाहरूका लागि, यस्तो आर्थिक क्रान्ति हरेक बिहान सूर्योदयमा दूध निकाल्ने सरल, महत्त्वपूर्ण कार्यबाट सुरु हुने गरेको छ।

स्थानीयहरूले सयौं वर्षदेखि ऊँट र गाईवस्तु पाल्दै आएका छन् । स्थानीय गोठाला बहात्यनुर्ल बिकान भन्छन्,'हाम्रो परिवारले पहिले गाईवस्तु पाल्थ्यो। २०११ ऊँट पाल्न थाल्यौं। पहिलो वर्ष हाम्रो आम्दानी एक लाख युआनभन्दा बढी थियो। एक दशकभन्दा बढीको कडा परिश्रमपछि, वार्षिक आम्दानी लगभग दस देखि बीस लाख युआन छ।'

यो नाटकीय परिवर्तन कसरी भयो भन्ने प्रश्नको उत्तर पनि सहज छ–परम्परा र प्रविधिको मिश्रणले यस्तो भएको हो। स्थानीय ऊँटको दूध कम्पनीहरूले शुद्धता र दक्षता



सुनिश्चित गर्न गोठालाहरूलाई दूध निकाल्ने मेसिनहरू प्रदान गरेका छन्। 'पहिले सबै हातले दूध दुहुन्थ्यो। अब, स्थानीय ऊँटको दूध कम्पनीले हामीलाई दुहुन मेसिनहरू दिएको छ। यसले समय र प्रयास बचत गर्छ, र प्रदूषण रोक्छ,' एक गोठालाले भने। गोठाला बिकानको परिवारले स्थानीय कारखानालाई हरेक महिना लगभग ४०० किलोग्राम ऊँटको दूध आपूर्ति गर्छ।

वाङ युआन बायोटेक्नोलोजी समूहका निर्देशक फ्यान जिन भन्छन्,'हाम्रा सङ्कलकहरूले दैनिक गोठालाहरूलाई भेट्छन् । त्यहाँ ताजापन, मिसावट र रोगजनकहरूको परीक्षण गर्छौं। त्यसपछि, दूध हाम्रो प्लान्टमा १२८ वस्तुहरूको विस्तृत निरीक्षणको लागि जान्छ। यी परीक्षणहरू पछि मात्र यो उत्पादन लाइनमा पुग्न सक्छ।'

चीनको फुहाई काउन्टीमा मात्र ३६,००० भन्दा बढी ऊँटहरू छन्। १,००० भन्दा बढी गोठाला घरपरिवारहरूले ठूलो मेहेनत गरिरहेका छन्।

तीमध्ये २५७ परिवारको वार्षिक आम्दानी १० लाख युआनभन्दा बढी छ, जुन १४०,००० डलरभन्दा बढी हो।

सबैभन्दा बढी कमाउनेहरू ३.६५ मिलियन युआन पुगेका छन्, जुन ५१३,००० डलरभन्दा बढी हो।

ऊँटको दूध उक्त क्षेत्रको सेतो सुन हो। यसले प्राचीन चरन क्षेत्रदेखि विश्वव्यापी अर्थतन्त्रसम्म पुल निर्माण गरेको छ। (सीसीटीभीप्लस)

# हिमाली च्याङ्ग्रा पहाड र तराईका मुख्य बजारमा



**बागलुङ ।**
दशैँ नजिकिएसँगै हिमाली क्षेत्रबाट व्यापारीले धमाधम च्याङ्ग्रा बजार झारिरहेका छन् । दश दिन अगाडिबाटै व्यापारीले मुस्ताङ र डोल्पाका उच्च क्षेत्रबाट म्याग्दी, बागलुङ, पर्वत, पोखरा हुँदै चितवन र बुटवलसम्म पुर्याउने गरेका छन् ।
मुस्ताङका किसानले उत्पादन गरेको च्याङ्ग्रा शहरी क्षेत्र व्यापारीले खरिद गरी बजार पुर्याउने गरेका छन् । यतिबेला सडक छेउछाउमा बाक्लै च्याङ्ग्राका बथानहरू भेटिन्छन् । सडकमै ग्राहक पुगेर खरिद गर्ने गरेका छन् ।
हिमाली क्षेत्रमा हुर्किएका च्याङ्ग्रा अन्यको तुलनामा स्वादिष्ट र औषधीय गुण हुने हुँदा धेरैको रोजाइमा पर्ने गरेको छ । मुस्ताङ र डोल्पामा खरिद गरेका ल्याएका च्याङ्ग्राको मूल्य चितवन र बुटवलसम्म पुर्याउँदा बढी हुने गरेको व्यापारी बताउँछन् । व्यापारीले काठमाडौँ, पोखरा, चितवन र बुटवलसम्म ट्रकमार्फत ढुवानी गर्ने मुस्ताङका च्याङ्ग्रापालक किसान नामदेव गुरुङले बताए ।
तीन दिन हिँडेर बागलुङ आइपुग्नुभएका गुरुङले पोखरासम्म पुगेर फर्किने बताए । तीन सय च्याङ्ग्रा लिएर आउनुभएका गुरुङले बागलुङको मालढुङ्गा आइपुग्दा ७० वटा बिक्री भएको सुनाए । आफूहरूले उत्पादन गरेको च्याङ्ग्रा खरिदका लागि पोखरा र काठमाडौँबाट व्यापारीहरू गोठमै पुगेर खरिद गर्ने उनको भनाइ छ । हिमाली गोठबाट खरिद गरेको च्याङ्ग्रा तराईसम्म पुग्ने गरेको गुरुङ बताउँछन् ।
'भदौ महिनामै व्यापारीहरू गोठमा पुगेर खरिद गर्छन्, कतिले त अघिल्लो वर्षनै बैना दिएर आएका हुन्छन्, उनीहरूले गोठमा सस्तोमै पाउँछन्, बजार पुर्याउँदा महँगो पर्छ, किनकि गाडीमा ढुवानी गरेर भाडा तिर्नुपर्छ, बाटोमा हिडाउँदै लिए पनि खर्च धेरै हुन्छ,' उनले भने, 'शहरबजारका मान्छेले हिमाली च्याङ्ग्रा खुब मन पराउँदा रैछन्, दशैँमा त ठूलो संख्यामा च्याङ्ग्रा बिक्री हुन्छ, पाल्न सके त राम्रो आम्दानी गर्न सकिन्छ, तर धेरै दुःख छ ।'
च्याङ्ग्राले हिमाली क्षेत्रमा जडीबुटीयुक्त घाँस खाने हुँदा धेरैले महँगो रकम तिरेर किन्ने गर्छन् । पाँच वर्ष पुगेका च्याङ्ग्रा मासुका लागि राम्रो मानिने डोल्पाका किसान थमसिंह बुढाले बताए । सत्र दिनको यात्रा गरेर बागलुङ आइपुगेको बताउने बुढाले आफ्नो मुख्य आम्दानीको स्रोत च्याङ्ग्रा व्यापार भएको बताए । च्याङ्ग्रा व्यापारबाट नौ जनाको परिवार चलाएको उनको भनाइ छ । च्याङ्ग्रा हिउँ बढी हुने क्षेत्रमा पालन हुने भन्दै हिउँचितुवा र ब्वाँसोबाट जोगाउन मुस्किल हुने बुढा बताउँछन् ।
आफूले आठ वर्षदेखि निरन्तर दशैँमा च्याङ्ग्रा लिएर बजार झर्ने गरेको सुनाउँदै बर्सेनि मूल्य बढ्दै गएको उनको भनाइ छ । आफूले सुरुमा रु १२ हजारदेखि बिक्री गर्न सुरु गरेको भन्दै अहिले च्याङ्ग्राको मूल्य करिब ५० हजार रुपैयाँसम्म पुगेको बुढामगरले बताए । चितवन र बुटवलसम्म पुग्दा मूल्य अझै बढी हुने उनी बताउँछन् ।
उनले भने, 'जति टाढा पुर्याइन्छ, च्याङ्ग्राको मूल्य बढ्नु स्वाभाविक हो, ट्रकमा ढुवानी गर्दा भाडा तिर्नुपर्छ, हिँडाउँदै लैजाँदा पनि गाह्रो हुन्छ, अघिल्लो वर्ष बुटवल पुगेको थिए, यसपालि पोखराबाट फर्किने योजना छ, हरेक वर्ष मूल्य बढेकोबढ्यै छ, बाहिरी व्यापारीले गर्दा च्याङ्ग्राको मूल्य बढेको हो, गोठालाले नै ल्याउने हो भने त्यति धेरै पर्ने थिएन ।' मुस्ताङसहित डोल्पा, मुगु र जुम्लाबाट मुस्ताङको घाँसा हुँदै बेनी–जोमसोम कोरला सडकमार्ग देशका ठूला शहरमा च्याङ्ग्रा भित्रिने गरेका छन् । तिब्बतबाट समेत भेडाच्याङ्ग्रा भित्रिने गरेका छन् । दशैँको खर्च जोहो गर्नका लागि यो सिजनमा बजार झरेको च्याङ्ग्रा व्यापारी मोहन लामाले बताए । आफूले १५ वर्षदेखि चितवन, पोखरा र काठमाडौँमा च्याङ्ग्रा व्यापार गर्दै आएको सुनाए ।
च्याङ्ग्रासँगै बागलुङका किसानले पनि भेडा बिक्री गर्न बजार झरेका छन् । जिल्लाको तमानखोला, ढोरपाटन, निसीखोलाको माथिल्लो क्षेत्रका अधिकांश किसान भेडापालनमा आबद्ध छन् । उनीहरूले लेकबाट झारेका भेडा बुर्तिबाङ, खर्बाङ, गुल्मी, पाल्पा हुँदै बुटवलसम्म पुर्याउने गर्छन् । रासस

# 'छरछिमेकमा सहयोग चल्दैन, प्रतिस्पर्धा छ'

**कैलाली।**
जानकी गाउँपालिकाको खैरीफाँटाकी सीता विष्टलाई समाजमा मिलेर काम गरेको, एकअर्कालाई सुखदुःखमा सघाएको खुबै याद छ। ज्येष्ठ नागरिक उनलाई खेतीपाती गर्ने बेला गाईगोरु अभाव हुँदा खाद्यान्न, गर्जो टार्न रकम सरसापट गरेको सम्झना ताजै छ।
'हामीले खाद्यान्न, रकममात्र नभई आगोसमेत साटासाट गरेर बाल्ने गर्थ्यौँ, एउटा घरमा पहिले आगो बालेमा वल्लोपल्लो घरमा त्यहीँ आगो लिएर सल्काउने चलन थियो,' उनी भन्छन्, 'अहिलेका समाज र जीवन फेरिएको छ। आजभोलि त समाजमा सहयोग चल्दैन, प्रतिस्पर्धा चलेको देख्छु।'
अर्की महिला देवु रावल पनि विगतमा घर बनाउँदा, खेतीपाती गर्दा मिलेर काम गर्ने छिमेकी बदलिएका बताउँछन्।
आजभोलि कमाइ भएकाहरूले नभएकालाई हेप्ने चलन बढेकामा चिन्ता व्यक्त गर्नुहुन्छ । 'कमाइ भएकाहरूको जीवन सुखद् छ, विपन्न नागरिकले समाजमा बाँच्न गाह्रो भएको छ,' उनले भने, 'पहिलाका मानिस दयालु, सहयोगी हुन्थे, आजभोलि जो धनी छ, उसैलाई मात्र सहयोग गर्नेहरू भेटिन्छन्।'
टीकापुरकी पार्वती गिरीलाई पनि पहिलेकै समाज राम्रो लाग्छ । छिमेकमा मिलेर, बाँडीचुडी खाएको याद आउँछ । 'हामी एक घरमा दाल, एक घरमा तरकारी पकाएर छाक टार्थ्यौँ,' उनले भने, 'पाकेको मीठोमसिनो बाँडेर खाने चलन थियो, आजभोलि पल्लो घरमा मासु पाक्छ, वल्लो घरमा तरकारी हुँदैन, यस्तो समाज राम्रो भयो त?'
छिमेकी भनेका समाजसँग जोडिएका मानिस हुन् । छिमेकी मिलेर बसेमा व्यक्तिका मात्र नभई समाजका समस्यासमेत टार्न सकिन्छ । छिमेकीको सहयोग सजिलो अप्ठ्यारो दुवै बेला काम लाग्छ। सबै समयमा छिमेकी सहयोगी हुनुपर्छ । सहयोगी छिमेकी भएकाहरू दुःखलाई पनि सहजै पार गर्न सक्छन्।
बर्दियाका बलिराज बम रोजगारीका लागि बाहिर बस्नुहुन्छ, उनले भने छिमेकीको सहयोग भरपुर लिनुभएको छ । 'छिमेकी भनेका समाजका हिम्मत हुन्, छिमेकी सहयोगी भए समाज नै सुन्दर हुन्छ, म रोजगारीका लागि विदेशमा बस्छु,' उनले भने, 'मैले मेरो परिवार पाल्न, समस्या टार्न छिमेकीको धेरै सहयोग पाएको छु।'
अर्का नागरिक उज्जले तिरुवा भने मर्दापर्दा छिमेकीको सहयोग लिने र सहयोग गर्ने गरिएको, अहिले पनि आफूहरूले सरसापट चलाइरहेको बताउँछन् । 'पहिलेजस्तो आगोपानी सापटी भने चल्दैन, तर समस्या पर्दा खाद्यान्न, रकम सरसापट चल्छ,' उनले भने, 'समाजमा समस्या परेकालाई सघाउने संस्कार हराउन दिन हुँदैन । सहयोग नरहे समाज पनि रहन्न।'
टीकापुरकी कौशी परियारलाई पनि छिमेकीको महत्व विशेष लाग्छ, पहिलेका छिमेकी धेरै सहयोगी र अहिलेका छिमेकी स्वार्थी भएको महसुस परियारले पनि गर्नुभएको छ । 'विगतमा सबैखाले समस्याको समाधान छिमेकमै खोजिन्थ्यो, आजभोलि छिमेकीबीच संवादसमेत घटेकाले संवाद बढाउन आवश्यक छ,' उनले भने, 'व्यक्तिव्यक्तिबीचको सम्बन्ध बढाउन एकापसमा आत्मीयता बढेमा सामाजिक समस्या समाधानमा पनि सहयोग पुग्छ।'
मानिसको समाजसँगको सम्बन्ध पातलिँदै गएको छ। यसले भोलिको समाज असहयोगी हुनसक्छ त्यसतर्फ सबैले ध्यान दिनुपर्ने शिक्षक पूर्ण विकको भनाइ छ। 'समाजमा समूह बनाउने, सामूहिक कार्यमा छलफल गर्ने, समुदायका समस्या र आवश्यकताबारे छलफल गर्ने, समाधानको खोजी गर्ने गर्नुपर्छ,' शिक्षक विक भन्छन्, 'मिलेर टोल सफा गर्ने, विपन्नलाई राहत उठाएर दिने, समाजमा सांस्कृतिक कार्यक्रम गर्नेजस्ता कार्यले सामाजिक सम्बन्ध बढाउँछ।' रासस

# थारु समुदायको मादल बनाउने सीप ओझेलमा

**राजेन्द्रप्रसाद पनेरु**
**कञ्चनपुर।**
दशैँ लगायतका चाडपर्व आउँदा यहाँका थारु बस्तीमा गुञ्जिने सखिया नृत्य र त्यससँगै बज्ने मादलको ताल अब विगत बन्ने चिन्ता बढ्दै गएको छ । थारु समुदायको सांस्कृतिक पहिचानसँग गाँसिएको मादल बनाउने सीप पुस्तान्तरण नहुनु, सामग्री नपाइनु जस्ता कारणले यो मौलिक परम्परा हराउने अवस्थामा पुगेको छ । पहिले दशैँ आउनु केही महिना अघि नै गाउँका सीपालुले नयाँ मादल बनाउँथे । पुराना मादल मर्मत गर्थे । विजयसालको काठमा बाख्राको छाला राखेर मादल बनाइन्थ्यो।
'जति बुढो बाख्राको छाला हुन्छ, मादल त्यति राम्ररी बज्दछ,' युवा समाजसेवी नरेन्द्रप्रसाद चौधरीले भने, 'छालालाई विजयसालको काठको ढुङग्रोको दुवै पट्टि मोरेर कसेपछि दुवै तर्फको भागमा भातको माडको गम बनाएर बाबियो पोलेर बनाइएको खरानी र खरी मसाला(लोरसिंगा) मिलाएर लगाउने कार्य हुन्थ्यो, त्यसपछि खरी लगाएको भागमा चिप्लो सहत भएको ढुङ्गा वा सिसाको बोतलले घोटेर चम्काइन्थ्यो, यसरी बनेको मादल सखिया नाचमा टाढैबाट बजाएको सुनिन्थ्यो।'
उनका अनुसार अहिले विजयसालको काठ पाउनै मुस्किल छ। 'वन क्षेत्र प्रवेशमा प्रतिबन्ध भएपछि खरी (लोरसिंगा) पाउन सकिँदैन, सनपाट खेती छाडदै जाँदा डोरी जुटाउन गाह्रो छ, सामग्री नै नपाएपछि मादलनै नबन्ने भयो,' उनले भने।



चौधरीका अनुसार मादल बनाउन जान्ने थारु गाउँमा केही बुढापाकाहरु मात्रै बाँकी रहेका छन् । 'हामीलाई सिकाउने बुढापाकाले चासो दिएनन्, युवाले पनि सिक्न खोजेनन्,' थारु अगुवा विनोद चौधरी भन्छन्, 'पुस्तान्तरण नहुँदा सीप हराउँदै छ र योसँगै संस्कृति पनि संकटमा छ।'
सखिया नाचका लागि अहिले थारु समुदाय बाहिरबाट मादल खरिद गर्न बाध्य छन्।
'पुरानो मादल मर्मत गर्न पनि पैसा तिर्नुपर्छ, यस वर्षको सखियामा मादल अपुग हुने भएपछि पुराना मादल दोधारा–चाँदनी पुगेर बादी समुदायसँग मर्मत गराउनु परेको छ,' पिपलाडीका बरघर राजु चौधरी भने।
उनका अनुसार पहिले गाउँमा मादल बनाउन नजान्नेले जान्ने सीपालुलाई अन्न तिरेर बनाइन्थ्यो । पहिले ढकेर समुदाय गाउँमै आएर फलामको काम गर्थे । उनीहरुले छाडेको डढेको फलामबाट खरी पनि बनाउन सकिन्थ्यो । ती चलन अब इतिहास बनेका छन्। 'ढकेरले आउन छाडेको वर्षौं बितिसक्यो लोरसिंगा(खरी) पाउनै छाड्यो, वन क्षेत्रमा पाइन्थ्यो त्यहाँ अनुमतीले मात्रै जान पाइन्छ, तर लोरसिंगा ल्याउनै पाइँदैन,' उनले भने । गाउँमै आफना लागि आफैं बनाइने मादल टिकाउ मात्र नभई बज्नमा पनि उत्कृष्ट हुन्थ्यो।
तर, अहिले बाहिरबाट ल्याइने मादल महँगो छ। 'एउटा मादल किन्न रु तीन हजारदेखि रु छ हजारसम्म तिर्नुपर्छ', अगुवा गहनु चौधरी बताउँछन्, 'महँगो मात्र होइन, गाउँमा बनेको जस्तो मीठो ताल पनि आउँदैन।'
मादल बनाउन मात्र होइन, बजाउन जान्ने युवाको संख्या पनि घट्दै गएको छ। यसले दशैँमा देखाइने सामूहिक सखिया नाचको आकर्षण घटाएको छ । 'मादलकै अभावमा सखिया ओझेलमा पर्ला कि भन्ने पिरलो छ,' स्थानीय श्यामलाल डगौरा भन्छन्, 'पहिला घर घरमै मादल बन्ने हुँदा अगुवा र पछुवा मदारीको संख्या नै अधिक हुन्थ्यो, एकै नाचमा १० देखि १५ सम्म मदारी हुन्थ्ये, अहिले घटेर चार पाँच जनामै सीमित हुन पुगेका छन्।'
उनका अनुसार मादल बनाउन आवश्यक काठ, छाला र अन्य सामग्री उपलब्ध गराउने नीति बनाउनुपर्ने आवश्यकता छ । 'मादल बनाउने सीप पुनःस्थापना गर्न स्थानीय तहले पहल नगरे परम्परा लोप हुने पक्का छ,' उनी भन्छन्।
थारु संस्कृतिको जीवन्तता कायम राख्न मादल निर्माणलाई संरक्षण गर्ने मात्र विकल्प देखिएको उनको धारणा छ । उनी भन्छन्, 'मादलबिना न त दशैँमा सखिया नृत्यमा चमक आउँछ, न त थारु समुदायको मौलिकतालाई जीवन्त राख्न सकिन्छ, त्यसैले थारु संस्कृतिको अभिन्न अङ्गका रुपमा रहेको मादल संरक्षण गर्ने कार्यसँगै निर्माण गर्ने कार्यलाई जीविन्त राख्न राज्य र समाज दुवैले उत्तिकै ध्यान दिनु जरुरी छ।'

# धवलागिरि हिमाल आरोहण गर्न 'रुट' तयार

**म्याग्दी।**
विश्वको सातौँ (आठ हजार १६७ मिटर) अग्लो धवलागिरि हिमालको चुचुरोमा पुग्ने 'रुट' तयार गरिएको छ। धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका–४ को भूगोलमा पर्छ।
चालु शरदयाममा आरोहण टोली लिएर हिमालमा पुगेका चार जना शेर्पाहरूले 'रुट' बनाएर चुचुरोमा पुगेका हुन् । आरोहण कम्पनी सेभेन समिट ट्रेक्सका संस्थापक मिङ्मा शेर्पाले आधार शिविरदेखि बाटो बनाएर धवलागिरिको चुचुरोमा पुगेका चार जना शेर्पाहरूको टोलीले शनिबार 'रोप फिक्सिङ' (डोरी तानेका) जानकारी दिए।
'चौध शिखर अभियान र सात शिखर पदयात्राका शेर्पाहरूको संयुक्त टोलीले धवलागिरिको चुचुरोसम्म मार्ग खोलेको छ', उनले भने, 'यसले गर्दा यस सिजनमा सबै पर्वतारोहीका लागि धवलागिरि हिमाल पहुँचयोग्य भएको छ।'
संखुवासभाको मकालु गाउँपालिका–१ का टासी शेर्पा, लाक्पा टेम्बा शेर्पा, सोही पालिकाको वडा नम्बर २ का पुर्वा कुसाङ शेर्पा र पासाङ नोर्वु शेर्पाको टोलीले बाटो बनाउने र डोरी तान्नुका साथै चालु शरदयाममा धवलागिरिको सफल आरोहण गर्ने पहिलो टोली भएका छन्। शेर्पाहरूको टोलीले हिउँमा डोरी तानेर बाटो तयार पारेपछि उनीहरूको सहयोगमा आरोहीहरू चुचुरोमा पुग्ने गर्छन् । मौसम अनुकूल र अन्य समस्या नभएमा एकदुई दिनभित्र आरोहण टोली धवलागिरिको चुचुरोमा पुग्ने शेर्पाहरूले जनाएका छन्।



पर्यटन विभागका अनुसार शरदयाममा धवलागिरि आरोहणका लागि तीनवटा समूहका सात जना महिला र १७ जना पुरुषले अनुमति लिएका छन् । अनुमति लिएकाबाट ५० लाख ७१ हजार रुपैयाँ सलामी दस्तुर (शुल्क) प्राप्त भएको छ।
आरोही, शेर्पा, पथप्रदर्शक र सहयोगीहरूको टाली आधार शिविरमा पुगिसकेका छन् । यसपालि आरोहण टोली मुस्ताङको मार्फादेखि याकखर्क हुँदै आधार शिविर पुगेका हुन् । धवलागिरि गाउँपालिकाको मुदीबगर हुँदै जाने पदमार्ग बिग्रिएको, घुमाउरो र टाढा पर्ने भएकाले मुस्ताङको पदमार्ग प्रयोग गरेर गएका हुन्।
गत वसन्तयाममा दुईवटा समूहका १५ जनाले आरोहण अनुमति लिएबापत ३६ लाख ९१ हजार २ सय ६० रुपैयाँ राजस्व सङ्कलन भएको थियो । सन् २०२४ को शरदयाममा एक समूहका १४ जना पुरुष पर्वतारोहीहरूले आरोहणको अनुमति लिएकामा रसियाका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो।
छिनछिनमा परिवर्तन हुने मौसम धवलागिरि आरोहणको चुनौती हो।
अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ। सन् १९६० मे १३ मा अष्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धवलागिरि हिमालको सफल आरोहण गर्नुभएको थियो । डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धवलागिरिको चुचुरोमा पुगेका थिए। रासस



जनकपुरको रामायणकालीन शक्तिपीठमध्ये एक राजदेवी मन्दिरबाट बाजागाजासहित बेलनौती गरिएको छ । फोटोः मधेशदृष्टि

# 'जेन्जी' प्रदर्शनका घाइतेको वर्गीकरण गर्न प्राविधिक समिति बनाइने

**काठमाडौँ ।**
सरकारले 'जेन्जी' प्रदर्शनका क्रममा घाइते भएकाहरूको वर्गीकरण गर्न प्राविधिक समिति गठन गरी तत्काल काम अगाडि बढाउने भएको छ । सिंहदरबारमा आईतवार बसेको मन्त्रिपरिषद् बैठकले प्राविधिक समितिको वर्गीकरणपश्चात् त्यस आधारमा घाइतेलाई उचित राहतको व्यवस्था गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

बैठकले भदौ २३ र २४ गतेको प्रदर्शनमा घाइते भएका व्यक्तिको पहिचान एवम् सहज र प्रभावकारी उपचारको व्यवस्थाका लागि गृह मन्त्रालयमार्फत परिचयपत्रको व्यवस्था गर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइतेको पुनःउपचार (फलो अप)का लागि अस्पताल तोक्ने र ती अस्पतालमा 'जेन्जी क्लिनिक' सञ्चालन गर्ने निर्णय गरेको छ । पुनःउपचारमा जाने घाइतेलाई निःशुल्क आवतजावत तथा घाइतेको उपचारमा सहजीकरण गर्न स्वास्थ्य मन्त्रालयले हटलाइनको व्यवस्था र सम्पर्क व्यक्ति तोक्ने निर्णयसमेत गरिएको प्रवक्ता खरेलले जानकारी दिए ।

मन्त्रिपरिषद्ले मुग्लिन–पोखरा सडकअन्तर्गत चितवनको मुग्लिनदेखि तनहुँको आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजार पारी गोरखातर्फदेखि मस्र्याङ्दी विद्युत् गृहको विपरित गोरखा तर्फसम्म थप सडकको रेखाङ्कन स्वीकृत गरेको छ । सडकको केन्द्र रेखाबाट दायाँबायाँ १५–१५ मिटर गरी ३० मिटर सडकको मापदण्ड स्वीकृत गर्ने निर्णय भएको छ ।

बैठकले आगामी कात्तिक १० देखि १३ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने अन्तरराष्ट्रिय सौर्य गठबन्धन (आइएसए)को आठौँ बैठकमा सहभागिताका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री कुलमान घिसिङलाई स्वीकृति दिएको छ । यसैगरी प्रधानमन्त्रीको मुख्य सल्लाहकारमा अजयभद्र खनाल र जनसम्पर्क सल्लाहकारमा गोविन्दनारायण तिमल्सिनालाई नियुक्त गर्ने निर्णयसमेत गरिएको मन्त्री खरेलले बताए ।रासस

# 'जनताको शासन स्थापनाका लागि फेरि संघर्ष गर्न नपरोस्'




**काठमाडौँ ।**
मुलुकमा विद्यमान भ्रष्टाचार, महंगी, बेरोजगारी, दलाल पूँजीवादी संरचना र साम्राज्यवादी हस्तक्षेपका विरुद्ध ११ वटा वामपन्थी क्रान्तिकारी दल तथा संगठनहरुले संयुक्त पत्रकार सम्मेलन गर्दै 'स्वाधीन संयुक्त सरकार' निर्माणको पक्षमा सशक्त आन्दोलन अघि बढाउने घोषणा गरेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (बहुमत), क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल, समाजवादी कम्युनिष्ट पार्टी नेपाल, रेडफोर्स नेपाल पार्टी लगायतका ११ वटा वामपन्थी घटकहरुको संयुक्त आयोजनामा आयोजित पत्रकार सम्मेलनमा अहिलेको संसदीय व्यवस्था खारेज गरी जनसंविधान निर्माण र जनताको शासन स्थापनाको माग गरिएको छ ।

वक्ताहरुले देशमा साम्राज्यवाद–परस्त दलाल पूँजीवादी व्यवस्थाले भ्रष्टाचार, नातावाद, महंगी, बेरोजगारी, औद्योगिक संरचनाको पतन, शिक्षा र स्वास्थ्यको नीजिकरणजस्ता समस्या निम्त्याएको आरोप लगाउँदै जनतालाई धोका दिने संसदीय व्यवस्था अन्त्य गर्नुको विकल्प नरहेको बताए ।

संयुक्त वक्तव्यमा भनिएको छ, 'जनताको नाममा सत्ता कब्जा गरेका केही गुट र नेताहरुको सिंडिकेटद्वारा संचालित यो व्यवस्था अब जनताले स्वीकार गर्न सक्दैन ।'

युवाहरुको नेतृत्वमा भदौ २३ गते शुरु भएको जेन्जी आन्दोलनलाई क्रान्तिकारी दलहरुले ऐतिहासिक जन उभारको रुपमा चित्रण गरेका छन् । सो दिनको आन्दोलनमा १९ जना युवाहरुको हत्या भएको भोलिपल्ट अर्थात् भदौ २४ गते देशभरि स्वस्फूर्त जनआक्रोश बढेको जनाइएको छ। उनीहरुले सत्ताधारीले आन्दोलनलाई बदनाम गर्न राजकीय संरचनामा आगजनी गर्न दुरुत्साहित गरेको आरोप लगाएका छन्।

वक्तव्यमा सेनाको भूमिकामाथि पनि प्रश्न उठाइएको छ। जनसत्ताको रक्षा गर्नु सेना र सुरक्षाकर्मीको दायित्व रहेको जनाउँदै, नयाँ शक्ति उदाएको अवस्थामा सेना अग्रगामी पक्षमा उभिन सक्नुपर्नेमा जोड दिइएको छ ।

# जेन्जी आन्दोलनका शहीद र घाइतेको सपना पूरा गर्नुपर्छः दाहाल



**काठमाडौँ ।**
जेन्जीको आधिकारिक वार्ता टोलीले पूर्व प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारमाथि कारबाहीको माग गरेको छ ।

काठमाडौँमा आयोजित वार्ता टोली घोषणा कार्यक्रममा बोल्दै टोलीका सदस्य प्रवेश दाहालले शहीद र घाइतेको सपना पूरा गर्न वर्तमान सरकारले जिम्मेवारी लिनुपर्ने बताएका हुन् ।

उनले भने, 'हाम्रो माग भनेको तत्कालीन सरकार, विशेषतः केपी ओलीको सरकारलाई कारबाही गर्नुपर्छ भन्ने हो । गर्छ कि गर्दैन भनेर हामी आशावादी मात्रै भएर बस्न सक्दैनौं । अहिलेको सरकारले त्यसबारे स्पष्ट कदम चाल्नैपर्छ ।'

दाहालले भने, 'ओली नेतृत्वले जेन्जी शहीद र घाइतेहरूप्रति धोका दिएको आरोप लगाउँदै भने, उनले शहीद र घाइतेको सपनामाथि खेलवाड गर्न खोजिरहनु भएको छ । यतिखेर त्यो सपना पूरा हुनुपर्छ । जनताले परिवर्तन चाहेका छन्, त्यसैले हामी सबै युनाइटेड हुनुपर्छ ।'

उनले समाजमा कुनै पनि व्यक्ति वा समूहलाई खण्डित गर्न नचाहेको स्पष्ट पार्दै नेपाली जनता र जेन्जीबीच एकता अपरिहार्य रहेको धारणा राखे ।

'हामी कुनै पनि व्यक्तिलाई खण्डविखण्ड गर्न चाहँदैनौं । सबै नेपाली एकजुट हुनुपर्छ, जेन्जी पनि एकजुट हुनुपर्छ,' उनले भने, 'नेपाली जनताले जेन्जीलाई सुझाव र सल्लाह दिनुपर्छ ।'

# विधिपूर्वक गरियो कात्यायनी देवीको पूजाआराधना

**काठमाडौँ ।**
आश्विन शुक्ल षष्ठीका दिन आईतवार दशैँघर वा पूजा कोठामा नौ दुर्गामध्येकी छैटौँ कात्यायनी देवीको विधिपूर्वक पूजाआराधना गरिएको छ । प्रत्येक वर्ष आश्विन शुक्ल षष्ठी अर्थात् दुर्गा पक्षको छैटौँ दिन कात्यायनीको विधिपूर्वक पूजाआराधना गर्ने गरिए पनि यस वर्ष चौथी तिथि वृद्धि भई दुई दिन परेकाले सातौँ दिनमा पूजा गरिएको हो ।

कात्यायनी देवीको उत्पत्तिका सम्बन्धमा रहेको यस्तो किंवदन्तीअनुसार कुनै समय देवताहरूको कार्यसम्पादन गर्न भगवती देवी कात्यायन ऋषिका आश्रममा अत्यन्त सुन्दरी कुमारीका रूपमा अवतार लिइछन् । कात्यायनीको बाल सौन्दर्यबाट मुग्ध भएर कात्यायन ऋषिले पुत्रीका रूपमा स्वीकार गर्छन् । यसैले यिनको नाम कात्यायनी भएको विभिन्न पुराणमा उल्लेख छ ।

कात्यायनीको प्रतिमा लक्षणमा शार्दूलवाहन भएकी, दानव घातिनी, हातमा खड्ग लिएकी, एउटा चुल्ठो भएकी, कानमा जपापुष्प (एक प्रकारको फूल) तथा यार्लिङ लगाएकी, गधामा बसेकी हुन्छन् । तिनै देवीको आइतबार विधिपूर्वक पूजाआराधना गरिएको हो ।

नवरात्रको पहिलो दिन असोज ६ गते सोमबार दशैँ घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजाआराधना गरियो ।

दोस्रो दिन मङ्गलबार पूजास्थलमा ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजाआराधना गरिएको थियो भने तेस्रो दिन बुधबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजाआराधना गरियो । चौथो दिन बिहीबार र पाँचौँ दिन शुक्रबार कुष्माण्डा देवीको विधिपूर्वक पूजाआराधना गरिएको थियो । पाँचौँ दिन पनि चौथी वृद्धि भएकाले कुष्माण्डा देवीकै पूजाआराधना गरिएको हो । छैटौँ दिन शनिबार स्कन्दमाताको पूजाआराधना गरिएको थियो ।

सातौँ दिन आइतबार कात्यायनी देवीको विधिपूर्वक पूजाआराधना गरिएको छ । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्र पाठसमेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ ।

यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् ।रासस

# अखण्ड नेपाल नवनिर्माण जरुरीः पूर्वराजा



**काठमाडौँ ।**
बडादशैँको पावन अवसरमा पूर्वराजा ज्ञानेन्द्र शाहले शुभकामना सन्देश जारी गर्दै नेपाललाई भूराजनीतिक चक्रव्यूहबाट मुक्त राखी अखण्ड नवनिर्माणको दिशामा अघि बढ्न सबैलाई आह्वान गरेका छन् । उनले नेपालको स्वाधीन अस्तित्व र अखण्डताको रक्षा गर्दै आफ्नै बाटो आफैं तय गर्ने सामथ्र्य विकास गर्नुपर्नेमा जोड दिएका छन् ।

शाहले आफ्नो सन्देशमा भनेका छन्, 'कुनै परनिर्भरता वा भूराजनीतिक चक्रव्यूहमा नफसी आफ्नो बाटो आफैँ तय गर्दै अखण्ड नेपाललाई नवनिर्माण गर्नु जरुरी छ ।' उनका अनुसार बाह्य प्रभावमा नपरी आफ्नै विवेक र सामथ्र्यमा अघि बढ्नुपर्ने आइतबारको आवश्यकता हो । पूर्वराजाले राज्यपद्धति र व्यवस्थापन प्रणालीलाई जनमनोभावनाअनुरूप समयसापेक्ष सुधार गर्नुपर्ने धारणा राखे । उनले लोकतान्त्रिक मूल्यमान्यता र जनताको भावनालाई उच्च प्राथमिकता दिँदै मात्र दिगो विकास सम्भव हुने बताए । शाहले जनताको आवाज सुन्ने, सोही अनुरूप नीति निर्माण गर्ने र समाजलाई सहिष्णु, समावेशी र प्रगतिशील बाटोतर्फ डो–याउने आवश्यकता औँल्याए ।

नयाँ पुस्ताको बढ्दो अभिलाषा र इच्छालाई राज्य व्यवस्थाले समेट्नैपर्नेमा उनको विशेष जोड छ । 'नयाँ पुस्ताको अभिलाषा र इच्छालाई हाम्रो राज्य व्यवस्थाले समेट्नै पर्दछ,' उनले भने । उनले आधुनिक प्रविधि र वैज्ञानिक दक्षतालाई ग्रहण गर्दै राष्ट्रलाई आत्मनिर्भर र सक्षम बनाउनु समयको माग भएको बताए ।

शाहले युवा पुस्तामा निहित देशभक्ति, ऊर्जा र नवीन सोचलाई राष्ट्र निर्माणको प्रमुख आधारका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिए । उनका अनुसार बिगार्ने, भत्काउने र जलाउने प्रवृत्तिबाट अब बाहिरिएर निर्माण, सुधार र सपार्नेतिर कार्यक्रम अघि बढाउनुपर्ने बेला आएको छ । उनले सबैलाई एकजुट भई देशलाई बलियो, समृद्ध र स्थिर बनाउन योगदान गर्न आह्वान गरे । यस सन्देशमा उनले राष्ट्रप्रतिको उत्तरदायित्व सबैको साझा दायित्व भएको स्मरण गराउँदै आगामी पुस्ताको भविष्य उज्यालो बनाउन सकारात्मक कदम चाल्न आग्रह गरेका छन् ।

# जनप्रतिनिधिको राजीनामा माग

**मधेशदृष्टि**
**सप्तरी ।**
अग्निसाइर कृष्णासवरण गाउँपालिकाका जनप्रतिनिधिहरूको राजीनामाको माग गर्दै स्थानीय गाउँपालिकाको कार्यालयको अगाडि अनिश्चितकालीन धर्नामा बसेका छन् ।

गाउँपालिका चलाउन असक्षम रहेको आरोप लगाउँदै जनप्रतिनिधिहरूको राजीनामा माग गर्दै उनीहरू गाउँपालिकाको अगाडि प्रदर्शन गर्दै धर्नामा बसेका हुन् ।

गाउँपालिका अध्यक्ष राजीनामा दे, सुशासन कायम गर, भ्रष्ट अध्यक्ष राजीनामा दे, सरकारी गाडी फिर्ता गरलगायत नारा लगाउँदै स्थानीयले टायर बालेर प्रदर्शन गर्दै धर्नामा बसेका हुन् ।

बेथिति विसंगतिविरूद्ध संघर्ष समितिका सचिव मिलन कुमार चौधरीको अध्यक्षतामा शनिबार बसेको बैठकले जनप्रतिनिधिहरू असक्षम भएकाले जनप्रतिनिधिहरूले राजीनामा दिनुपर्ने, जनप्रतिनिधि र कर्मचारीमाथि छानबिन गरी कारबाही गर्नुपर्ने लगायत माग राखे अनिश्चितकालीन धर्नामा बसेको संघर्ष समितिका अध्यक्ष चौधरीले जानकारी दिए ।

# साम्पाङद्वारा दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन

**काठमाडौँ ।**
धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले निर्वाचन आयोगमा नयाँ राजनीतिक दल दर्ताका लागि निवेदन दिएका छन् । उनले आफ्नो पूरा नाम हर्कराज राई 'साम्पाङ'को नाममा दल दर्ताका लागि निवेदन दर्ता गरेको आयोग स्रोतले जानकारी दिएको छ ।

साम्पाङले दर्ताका लागि पेश गरेको पार्टीको नाम 'राष्ट्रिय श्रम संस्कृति पार्टी' रहेको बताइएको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार दर्ताका लागि प्राप्त कागजातहरू हाल रुजु प्रक्रियामा छन् ।

प्रवक्ताका अनुसार सबै कानूनी तथा प्राविधिक मापदण्ड पूरा भएमा दशैँ बिदा सकिएलगत्तै दल दर्ता प्रक्रिया सम्पन्न हुने छ ।

यससँगै मेयर साम्पाङको राजनीतिक यात्रा औपचारिक रूपमा दलिय मोडतर्फ अघि बढ्ने देखिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन